घरपझोङ गाउँपालिकाको कार्यालय, मुस्ताङको

आर्थिक वर्ष २०८०/८१ को

# वार्षिक विकास योजना तथा कार्यक्रम





**<u>सम्पादन मार्गदर्शन</u>**

मोहन सिंह लालचन (अध्यक्ष)

जमुना थापा मगर (उपाध्यक्ष)

**<u>प्रधान सम्पादक</u>**

गौरी प्रसाद आचार्य (प्रमुख प्रशासकीय अधिकृत)

**<u>सम्पादन सहयोगी</u>**

केदार सिंह थापा (अधिकृत सातौं)
ई. सुजिता थकाली (सूचना प्रविधि अधिकृत)

**<u>फोटो</u>**

राजन कंडेल (सब-ईन्जिनियर)
किरण सापकोटा (सहायकस्तर चौथो)

| | |
|---|---|
| **ईमेल ठेगाना:** | info@gharapjhongmun.gov.np, |
| | gharapjhongrmunicpality@gmail.com |
| **सम्पर्क नं:** | ०६९-४४००१६ |
| **वार्षिक विकास कार्यक्रम पुस्तिका प्रकाशक** | घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ |

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८०/८१

## अध्यक्षको मन्तव्य



आर्थिक वर्ष २०८०/८१ को लागि गाउँपालिकाले सहभागितामुलक योजना तर्जुमा प्रकृयालाई अवलम्बन गर्दै तर्जुमा गरिएको वार्षिक योजना तथा कार्यक्रमहरु सहितको प्रकाशन गर्न लागेकोमा अत्यन्त खुशी लागेको छ । संघीय शासन व्यवस्था अनुसार स्थानीय सरकारको रुपमा यस गाउँपालिकाले दिगो विकासको अवधारणा आत्मसाथ गदै आएको छ। सुन्दर र समृद्व घरपझोङ निर्माणका प्रयासहरु दुरुस्त कार्यान्वयन गरिएको छ ।यस गाउँपालिकाको बाह्रौं गाउँसभाको अधिवेशनबाट स्वीकृत भएको आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरुलाई एकिकृत रुपमा वार्षिक विकास योजना पुस्तिका मार्फत जनसमक्ष ल्याउने जमर्को गरिएको छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रको योजना तर्जुमा गर्ने सन्दर्भमा आर्थिक समानता र समृद्धि, सामाजिक न्याय, लैंगिक विभेदको अन्त्य, समानुपातिक र समावेशी विकासको अवधारणालाई आत्मसात गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरेका वस्ती, वडा तथा गाउँपालिकास्तरका योजना तर्जुमाका चरणहरुलाई व्यवस्थित तवरले परिचालन गर्ने प्रयास गरेको छ। समन्वयात्मक ढंगबाट स्थानीय आवश्यकतालाई सम्बोधन गर्दै गाउँपालिकामा उपलब्ध सीमित श्रोत र साधनको अधिकत्तम उपयोग गर्ने प्रयास गरिएको छ।

गाउँपालिकाबासीका सबै आशा, अपेक्षा र आकांक्षा परिपूर्ति गर्नको लागि यस वार्षिक विकास योजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ। साथै सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरुलाई गैर सरकारी संस्थाहरु, नागरिक समाज, बुद्धिजिवी, निजी क्षेत्र समेतको सक्रिय सहभागितामा सम्बन्धित सरोकारवाला सबै स्थानीय जनतासँग साझेदारी कार्यक्रम मार्फत कार्यान्वयन गर्नका लागि प्रयास गरिनेछ।
वार्षिक गाउँ विकास योजना तर्जुमा गर्न अहोरात्र खट्नुहुने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षहरु, गाउँ सभाका सदस्यहरु धन्यवादका पात्र हुनुहुन्छ। त्यसैगरी वार्षिक नीति तथा कार्यक्रम र बजेटलाई व्यवस्थित गरी पुस्तिकाको रुपमा प्रकाशन गर्न सहयोग गर्ने प्रमुख प्रशासकीय अधिकृत लगायत कार्यालयका सबै कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। अन्त्यमा, यस गाउँपालिकाको वार्षिक योजनाको फलदायी र प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाबासीको सहयोग र सुझावको अपेक्षा गरेको छु । धन्यवाद !

(मोहन सिंह लालचन)

अध्यक्ष

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१

## उपाध्यक्षको मन्तव्य



ऐतिहासिक, धार्मिक, साँस्कृतिक र सामाजिक विविधताको संगमको रुपमा रहेको, पवित्र घरपझोङ गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिवेशनबाट पारित वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट सहितको वार्षिक विकास योजना पुस्तिका प्रकाशन हुन लागेकोमा खुशी लागेको छ ।

मुस्ताङ जिल्लाको सदरमुकाममा अवस्थित यस गाउँपालिकाका विविध अवसर र चुनौतीहरु रहेका छन्। स्वीकृत वार्षिक बजेटको आकार बीच जनताका आवश्यकता तथा आकांक्षाहरु धेरै छन् । सबै इच्छा, आकांक्षा तथा आवश्यकताहरुलाई एकै आर्थिक वर्षमा पूरा गर्न सकिने अवस्था छैन । त्यसैले वार्षिक विकास योजनाहरु तय गर्दा आवश्यकताहरुको सोपान तयार पारी अत्यावश्यक योजना तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकतामा राखी वार्षिक बजेट निर्माण गरिएको छ । वार्षिक विकास योजनाहरुको कार्यान्वयनमा विकास साझेदारहरु, निजी क्षेत्र, गैर सरकारी संस्था, नागरिक समाज, सामुदायिक संस्था, आम सञ्चार माध्यम सबैको सहभागिता, सहयोग र साझेदारीको अपेक्षा गरिएको छ ।

अन्त्यमा, गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को गाउँ सभाबाट पारित नीति तथा कार्यक्रम र वार्षिक विकास बजेट पुस्तिका प्रकाशनमा सहयोग गर्ने गाउँपालिकाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य,गाउँ सभाका सदस्य लगायत सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै, नेपालको संविधानमा व्यवस्था भएका स्थानीय सरकारका अधिकारको अभ्यासद्वारा यहाँको गरिबी, असमानता, विभेद हटाई समतामूलक समाज निर्माणमा वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट सहयोग पुग्ने अपेक्षा गरेको छु। अन्त्यमा, यो प्रकाशन सबै सरोकारवालाहरुको लागि उपयोगी र जानकारी मूलक सामाग्रीको रुपमा रहने विश्वास लिएको छु। धन्यवाद !

(जमुना थापा मगर)
उपाध्यक्ष

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०/८१

## प्रमुख प्रशासकीय अधिकृतको भनाई



स्थानीय तहहरु स्थानीय आर्थिक विकास तथा समृद्धिका आधारशीला हुन्। नेपालको संविधानले स्थानीय तहहरुलाई राजनैतिक, प्रशासनिक, वित्तीय, न्यायीक एवम् विधायिकी अधिकारहरु प्रदान गरे बमोजिम स्थानीय सरकारको रुपमा ७५३ वटा स्थानीय तहहरु क्रियाशील रहँदै आएका छन्।नेपालको संविधानले व्यवस्था गरे बमोजिम सरकारको रुपमा घरपझोङ गाउँपालिका पनि एक रहेको छ। वर्तमान संविधानले प्रदत्त गरेका अधिकारहरुलाई संघीय कानून, प्रदेश कानून र घरपझोङ गाउँपालिकाले निर्माण गरेका स्थानीय कानून बमोजिम यस गाउँपालिकाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माण लगायतका कार्यहरु गर्दै आएको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तर्जूमा दिग्दर्शन, २०७५ (परिमार्जित), घरपझोङ गाउँपालिकाको प्रथम त्रिवर्षिय आवधिक योजना लगायत विभिन्न प्रचलित कानूनहरुको अधिनमा रही योजना तर्जुमा सबै चरण पूरा गरी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेट गाउँ सभाबाट पारित गरी योजना तथा कार्यक्रम सहितको कार्यान्वयनलाई सहजीकरण गर्नका निम्ति सम्बन्धित सरोकारवाला तथा नागरिकहरुको जानकारीको लागि गाउँपालिकाको वार्षिक विकास योजना पुस्तिका प्रकाशन गर्न पाउँदा खुशी लागेकोछ।

विकास योजना तथा कार्यक्रमहरुको प्रभावकारिता तिनीहरुको कार्यान्वयनमा निर्भर गर्दछ।स्थानीय सरकारको रुपमा यस गाउँपालिकाले आफ्ना नागरिकहरुलाई प्रदान गर्ने सेवा प्रवाहलाई अझै प्रभावकारी बनाउने प्रयास गर्दै आएको छ । राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, सामुदायिक क्षेत्र, नागरिक समाज, विभिन्न संघसंस्था, सार्वजनिक निकायहरु तथा सम्पूर्ण गाउँपालिकावासीलाई विकास साझेदारको रुपमा भूमिका निर्वाह गर्नको लागि अनुरोध गर्दछु।स्थानीय स्तरबाट माग भई आएका योजना तथा कार्यक्रमहरु वार्षिक योजना तथा कार्यक्रममा समावेश गरी यस गाउँपालिकाको बाह्रौं अधिवेशनबाट वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गरिएको छ। यस पुस्तिकामा समावेश योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सबै गाउँपालिकावासीबाट फलदायी पृष्ठपोषण तथा मार्गदर्शन प्राप्त हुने विश्वास समेत लिएको छु। यस पुस्तिकामा संघीय तथा प्रदेशस्तरका कार्यालयका गाउँपालिका श्रेत्र भित्र रहेका योजना तथा कार्यक्रमहरुलाई समेत समावेश गरी स्थानीयबासीलाई अझ बढी उपयोगी बनाउने प्रयास गरिएको छ।

अन्त्यमा, चालू आर्थिक वर्ष २०८०/०८१ को वार्षिक विकास योजना पुस्तिका तयार पार्नमा सहयोग पुर्याउनु हुने श्रद्धेय गाउँपालिकाका अध्यक्षज्यू लगायत सबै जनप्रतिनिधिज्यूहरु तथा सम्पूर्ण कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै, जोमसोम अवस्थित स्थानीय तथा प्रदेशस्तरका कार्यालयहरु, गाउँपालिकाका कर्मचारीहरु, गाउँपालिकावासी तथा स्थानीय जनताबाट बजेट तथा कार्यक्रम कार्यान्वयनमा सक्रिय सहभागिता, समन्वय एवम् सहयोगको अपेक्षा समेत गरेको छु। धन्यवाद !

(गौरी प्रसाद आचार्य)
**प्रमुख प्रशासकीय अधिकृत**

## विषय सूची


| क्र. सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १ | अध्यक्ष श्री मोहन सिंह लालचन ज्यूको मन्तव्य | ii |
| २ | उपाध्यक्ष श्री जमुना थापा मगरज्यूको मन्तव्य | iii |
| ३ | प्रमुख प्रशासकीय अधिकृत श्री गौरी प्रसाद आचार्यज्यूको भनाई | iv |
| ४ | आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम | १ |
| ५ | आर्थिक वर्ष २०८०/८१ को वार्षिक विकास योजना, कार्यक्रम तथा बजेट | १४ |
| ६ | आर्थिक बर्ष २०८०/८१ का लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण | २५ |
| ७ | चालु खर्च अनुमान | २६ |
| ८ | आर्थिक ऐन, २०७९ | २८ |
| ९ | विनियोजन ऐन, २०७९ | ४१ |
| १० | बार्षिक विषयगत योजना तथा कार्यक्रम विवरण | ४४ |
| ११ | सशर्त बजेट | ५२ |
| १२ | अनुसूची १ | ६१ |
| १३ | अनुसूची २ | ६४ |
| १४ | अनुसूची ३ | ६८ |

घरपझोङ गाउँपालिकाको गाउँ सभाको बाह्रौ अधिवेशनमा पेश भई पारित भएको आ.व. **२०८०।८१ को**

**वार्षिक नीति तथा कार्यक्रम**

आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने घरपझोङ गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिवेशनमा यस बैठकको अध्यक्षता गरिरहनु भएका सभा अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारी मित्रहरु ।

- यस गाउँपालिकाको गाउँ सभाको बाह्रौं अधिवेशनको बैठकमा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु। प्रथमतः यस गाउँ सभामा उपस्थित सबै गाउँ सभाका सदस्यज्यूहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।
- संघीय लोकतान्त्रिक शासन व्यवस्था बमोजिम स्थापित यस घरपझोङ गाउँपालिकाको गाउँ सभाको बैठकमा आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु। गाउँपालिकाको विकास निर्माणको कार्यमा सवै सदस्यज्यूहरुको अमूल्य सल्लाह तथा सुझावहरु अपेक्षित रहेको व्यहोरा समेत अनुरोध गर्न चाहन्छु ।
- संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना एवम् मुलुकको हित र सामाजिक परिवर्तनका लागि नेपाली जनताले विभिन्न समयमा गरेका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।
- घरपझोङ गाउँपालिकाबासी जनताले गाउँपालिकालाई समृद्ध तथा समुन्नत बनाउने अभिभारा हामीलाई सुम्पेको हुनाले उक्त जिम्मेवारीप्रति स्थानीय सरकार पूर्ण प्रतिवद्ध रहेको व्यहोरा यस गरिमामय सभामा दोहोर्‍याउन चाहन्छु। सबै घरपझोङ बासीको चाहना र आकांक्षा बमोजिम विकास निर्माणका कार्यक्रमहरु अघि बढाउन दृढ संकल्पित रही यस महान कार्यमा सबै स्थानीय जनता तथा गाउँसभाका सबै सदस्यहरुको साथ र सहयोगको अपेक्षा गरेको छु ।
- नेपालको संविधानले अंगीकार गरेको तीन तहको संघीय संरचनालाई संस्थागत गर्दै परिणाममुखी बनाउने अभिभारा स्थानीय सरकारको सामु समेत रहेको छ। सबै राजनीतिक दल, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, पत्राकारजगत लगायत सबैलाई आ-आफ्नो क्षेत्रबाट नेपालको सविधान तथा अन्य सम्बन्धित ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न अपिल गर्दछु।

**अध्यक्ष महोदय,**

- हिमालपारीको जिल्ला मुस्ताङको मध्यभागमा अवस्थित यस गाउँपालिकाको तीव्र विकासको प्रचुर सम्भावना रहेको छ। यस गाउँपालिकाको समग्र उन्नती र प्रगतिको लागि आगामी आर्थिक वर्ष २०८०/८१ का लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरुको प्रस्ताव गरेको छु । जनताका

विकासका चाहनालाई परिपूर्ति गर्ने किसिमले सान्दर्भिक देखिएका नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता दिएको छ।

यस नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु देहाय अनुसार प्रस्ताव गरेको छ ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

- नेपालको संविधान
- प्रचलित कानूनी व्यवस्था
- राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजना र लक्ष्य
- दिगो विकास लक्ष्य
- अनुभव तथा सिकाई आदि

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरणः**

- **भौतिक उपलब्धी**
  - चालु आ.व. मा वडास्तरीय योजना ७० वटा रहेकोमा हालसम्म ४० वटा सम्पन्न भैसकेका छन् ।
- **आर्थिक सामाजिक उपलब्धी**
  - ✓ स्थानीय आलु प्याकिङका लागि लेबल सहितको बोरा ७५% अनुदानमा वितरण गरिएको, यसबाट लाभान्वित कृषक सङ्ख्या ३६१ रहेको,
  - ✓ स्याउको कार्टुन ५ केजीको लागि ७५% अनुदान उपलब्ध गराईएको, यसबाट लाभान्वित कृषक सङ्ख्या ३०२ रहेको,
  - ✓ कार्डिनल आलु वीउ ५०% अनुदान उपलब्ध गराईएको, यसबाट लाभान्वित कृषक सङ्ख्या २८२ रहेको,
  - ✓ मार्फा चौडा पाते रायो सागको विउ निःशुल्क उपलब्ध गराईएको लाभान्वित कृषक सङ्ख्या ३४५ रहेको,
  - ✓ खनिज तेल [ATSO] खरिद गरी ५०% अनुदानमा उपलब्ध गराईएको, यसबाट लाभान्वित कृषक सङ्ख्या ४१९ रहेको,
  - ✓ गरिव, दलित तथा अपाङ्गता भएका १९५ घरपरिवार ( ६३९ परिवार सदस्य) को निःशुल्क स्वास्थ्य विमा गरिएको,
  - ✓ घरपझोङ गाउँपालिका पूर्ण खोप सुनिश्चितता गाउँपालिका घोषणा भएको,
  - ✓ गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेड्पा) अन्तर्गत मौरीपालन तालिम सम्पन्न गरिएको, मार्फाका किसान तथा व्यवसायीहरु (उद्यमी)लाई मौरी पालन गरी अर्गानिक मह उत्पादन तथा मौरी पालनको प्रयोगात्मक तालिम प्रदान गरिएको,
  - ✓ गाउँपालिकास्तरीय बाल सञ्जाल पुर्नगठन तथा अभिमुखिकरण गरिएको,
  - ✓ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI Audit) परीक्षण गरिएको,

- ✓ ३७३ जना ६० वर्ष उमेरका जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय-पत्र वितरण गरिएको,
- ✓ १२१ जेष्ठ नागरिकलाई धार्मिक अवलोकन भ्रमण गराईएको ।
- ✓ पशुपन्छी उपचार तथा औषधी निःशुल्क उपलब्ध गराईएको,
- ✓ नयाँ प्रशासकीय भवनको कार्यालयमा २५ वटा र गाउँपालिका क्षेत्रभित्र भरपर्दो र प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि जोमसोम, एयरपोर्ट क्षेत्रलाई समेट्ने गरी १३ वटा सि.सि.टि.भी. जडान गरिएको,

- **वातावरण तथा विपद् सम्बन्धी**
  - ३५ प्रकारका विपद् सम्बन्धी सामाग्री खरिद गरी ५ वटै वडामा वितरण गरिएको,
  - घरपझोङ गाउँपालिकाको जलवायु अनुकूलन मास्टर प्लान सम्बन्धी प्रतिवेदन तयार गरिएको,
  - घरपझोङ गाउँपालिकाको लागि विपद मास्टर प्लान (लागत प्रतिवेदन) तयार गरिएको,

**अब म क्षेत्रगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

<u>**आर्थिक विकास**</u>

१. यस गाउँपालिकाको आर्थिक उपार्जन गर्ने मुख्य क्षेत्र कृषि हो। यहाँको स्याउ, आलु तथा अन्य तरकारीहरु स्वदेश तथा विदेशमा समेत प्रख्यात छन्। कृषि क्षेत्रको आधुनिकीकरण गर्दै आगामी वर्ष कृषि क्षेत्रको व्यवसायीकरण, खेतीयोग्य जमिनमा तारबार निर्माण देखि पशुपालन व्यवसायको प्रबर्द्धनका लागि कार्यक्रमहरु तय गरिनेछ।

२. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फलफूल तथा कृषि उपजहरुको सहज भण्डारण गरी तुलनात्मक रुपमा बजार मूल्य बढी हुने समयमा बिक्री वितरण गर्नको लागि आगामी आ.व.मा संघीय सरकारको सहयोगमा निर्माण गरिएको ग्रेडिङ मेसिन सहितको कोल्ड स्टोर भवन सञ्चालनमा ल्याईनेछ।

३. जौ, ऊवा, फापर तथा तिते फापरजस्ता रैथाने बालीहरु हाम्रा पहिचान हुन्। संकटापन्न अवस्थामा पुग्न लागेका यस्ता रैथाने बालीहरुको पुनरागमन गराउन कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु अघि बढाइनेछ ।

४. रैथाने बाली संरक्षणको लागि बाली बैंक, बिउ बैंकको व्यवस्थापनका लागि पहल गरिनेछ।

५. स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको उपयोगमा प्रोत्साहन गर्न **घरपझोङको उत्पादनः हाम्रो पहिचान** भन्ने नाराका साथ स्थानीयस्तरमा उत्पादित आलु लगायतका कृषि उपजहरुको ब्रान्डिङ गरिनेछ।

६. कृषि उत्पादनको आधारमा **एक वडा एक कृषि उपजको हव** (ब्रान्ड) वनाउन आवश्यक पहल गरिनेछ।साथै स्थानीय कृषि उत्पादन उवावाट उत्पादित स्थानीय रक्सीलाई व्रान्डिङ गर्न पहल गरिने छ।

७. यस गाउँपालिकामा प्रचुर सम्भावना रहेको ओखर खेती गर्न कृषकहरुलाई प्रोत्साहित गरिने छ।

८. यस गाउँपालिकाभित्र बालीनालीमा विषादी र रासायनिक मलको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै लगिनेछ। प्राङ्गारिक मल तथा परम्परागत घरायसी किटनाशक औषधीको प्रयोग गरी अन्नवालीहरुको उत्पादन वृद्धिमा जोड दिइनेछ।

९. परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गरी उत्पादकत्वलाई अभिवृद्धि गरी कृषकहरुको जीवनस्तर सुधार्नका लागि विभिन्न कार्यक्रमहरु लागू गरिनेछ। कृषि सामग्री खरीद तथा वीउ वीजन वितरणमा दिइँदै आएको साझेदारीमा आधारित अनुदानलाई निरन्तरता दिइनेछ।

१०. नेपाल सरकारको एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम अन्तर्गत उद्योग ग्राम स्थापना गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी सो कार्य अगाडी बढाईनेछ।

११. गाउँपालिका क्षेत्रभित्र लघु उद्यम कार्यक्रम मार्फत लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरी थप प्रभावकारी बनाईनेछ।

१२. गाउँपालिका क्षेत्रभित्र रहेका सबै किसिमका व्यवसायीहरुलाई प्रोत्साहन गर्ने तथा सामानहरुको वैज्ञानिक मूल्य प्रणाली कायम गर्न लगाई सबै पसलहरुमा मुल्यसूची राख्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

१३. स्थानीयस्तरमा अव्यवस्थित वसोवास व्यवस्थापनको लागि नेपाल सरकारबाट सुकुम्बासी तथा अव्यवस्थित बसोबास सम्बन्धी आयोग गठन भएको अवस्थालाई दृष्टिगत गरी यस गाउँपालिका अन्तर्गत रहेका भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबास सम्बन्धी विद्यमान समस्या समाधानको लागि ५ वटै वडाबाट सुकुम्वासी तथा अव्यवस्थित बसोबासको अभिलेख तयार भई आएको हुँदा गाउँपालिकास्तरीय सहजीकरण समिति गठन गरी भूमि व्यवस्थापनको कार्यलाई सहजीकरण गरिनेछ। साथै गाउँपालिका क्षेत्रभित्रका जग्गा वर्गीकरणको कार्यलाई प्रभावकारी बनाईनेछ।

१४. आगामी आर्थिक वर्षमा आर्थिक कारोवारहरुलाई थप डिजिटल र प्रविधीमैत्री बनाउनको लागि सबै वडा कार्यालयहरुमा सुत्र सफ्टवयर मार्फत राजस्व संकलन गरिनेछ। साथै आन्तरिक श्रोत बृद्धि गर्नको लागि राजस्वका नयाँ श्रोतहरु पहिचान गरिनेछ र यस गाउँपालिकामा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने नीति लिइनेछ।

१५. विगतका आर्थिक वर्षहरुबाटै बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भैरहेको अवस्थामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको को लागि थप सहज तरिकाले भत्ता वितरण गर्नको लागि बैंक संग सहकार्य गरी गाउँबाटै वितरण गर्न पहल गरिनेछ।

१६. उज्यालो घरपञ्झोङ कार्यक्रम अन्तर्गत सडक बत्तिको महशुल तिर्ने कार्यक्रमलाई सबै वडामा निरन्तरता प्रदान गरिनेछ।

१७. पर्यटकहरुको बसाई लम्ब्याउनका लागि धौलागिरी बेस क्याम्प, तिलिचो जाने मार्गलाई व्यवस्थित गरी पर्यटकीय विकास तथा प्रवर्द्धनमा जोड दिइनेछ।

**अध्यक्ष महोदय**

१८. घरपझोङ गाउँपालिकाको विकासको मूख्य आधार मध्येको एक पूर्वधार पर्यटन व्यवसाय नै हो। पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि पर्यटकहरुलाई पर्यटकीय गन्तव्य स्थल तथा उपलब्ध होटल व्यवसायहरुको बारेमा जानकारी दिने उद्देश्यका साथ आगामी आ.व.मा पर्यटन सूचना केन्द्र स्थापना गरी प्रयोगमा ल्याईनेछ।

१९. थकाली सँस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन गर्नका लागि संघीय सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्मित थकाली सङ्ग्रहालयलाई व्यवस्थित गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ।

२०. यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा ल्याइएको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण कडीको रुपमा रहेको मुस्ताङ इको म्युजियमलाई अझ व्यवस्थित गरी पर्यटकहरुको आकर्षण क्षेत्रको रुपमा विकास गरिनेछ।

२१. होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्न व्यवसायीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ। स्थानीय थकाली परिकारहरुको प्रचार प्रसार गरिनेछ। होमस्टेहरुमा स्थानीय साँस्कृतिक कार्यक्रमको माध्यमवाट पाहुनाहरुको स्वागत गर्ने व्यवस्था मिलाउन सञ्चालकहरुलाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२२. ढुम्बा ताल, क्षमा ताल, मार्फा गाउँ, याकखर्क, छैरो गाउँ, चिमाङ गाउँ, ठिनी गाउँ तथा स्याङ गाउँहरुको प्राकृतिक सौन्दर्यताको प्रचार प्रसार गर्ने कार्यलाई जोड दिइनेछ। समग्र घरपझोङ गाउँपालिकाको तथ्याङ्क सहितको गाउँपालिकाको पार्श्वचित्र तयार गरिनेछ।

२३. यस गाउँपालिका क्षेत्रमा रहेका सहकारीहरुको दर्ता तथा नवीकरणका कार्यहरु व्यवस्थित गरिनेछ। सबै सहकारीसंस्थाहरुको विवरणलाई अनलाईन प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ। सहकारी सदस्यहरु तथा व्यवस्थापकहरुलाई क्षमता अभिवृद्धिका लागि तालीम तथा प्रशिक्षणका कार्यक्रमहरुको व्यवस्था गरिनेछ।

२४. योजनावद्ध विकास प्रयासले मात्र लक्षित उद्देश्यहरु हासिल गर्न सकिने हुनाले उपलब्ध श्रोत साधनको अधिकतम् उपयोग गर्ने नीति लिइनेछ। गाउँपालिकाको समग्र विकासलाई प्रभावकारी बनाउनका लागि पहिलो त्रिवर्षिय आवधिक योजनाको मध्यावधी समिक्षा गरी समिक्षाबाट प्राप्त अनुभव र यसको अन्तिम मूल्यांकनको आधारमा दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ।

२५. राष्ट्रिय योजना आयोगद्वारा सञ्चालित स्थानीय योजना बैंक (LPBMIS) प्रणालीको प्रयोग गरी साना देखि ठूला योजनाहरुको पहिचान, मूल्यांकन, छनौट तथा प्राथमिकीकरण गरिनेछ।

२६. गाउँपालिकाको नाममा महालेखा परिक्षकको कार्यालयले औंल्याएका विविध शिर्षकका बेरुजू नियमानुसार फछ्यौंट गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई गाउँपालिकालाई शून्य बेरुजू तर्फ उन्मुख गरिनेछ।

**अध्यक्ष महोदय**

अब म आगामी आर्थिक वर्षका लागि सामाजिक विकास तर्फका नीति तथा  कार्यक्रमहरुलाई यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्ताव गर्न चाहन्छु ।

## सामाजिक विकास

२७. मानिसको अमूल्य निधिको रुपमा रहेको स्वास्थ्यलाई महत्व दिई सोही बमोजिम कार्यक्रमहरुको कार्यान्वयन गर्दै लगिनेछ। आगामी आर्थिक वर्षमा पनि विगत वर्षहरुमा जस्तै नागरिकहरुलाई शारिरीक, मानसिक तथा सामाजिक रुपमा स्वस्थ रहन सहयोग पुग्ने कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ। यसका लागि प्रदेश तथा संघीय सरकारबाट घोषित कार्यक्रमहरु समेत समावेश हुनेछन्।

२८. **प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था** सञ्चालनमा आई सकेको छ। मार्फा स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशाला (ल्याव)लाई अझ आधुनिकीकरण गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईनेछ।

२९. स्वास्थ्य संस्थाहरुमा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ। स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरुलाई आवश्यकता बमोजिमका तालिम कार्यक्रमहरुको व्यवस्था गरिनेछ।घरपझोङवासी जनताहरुको लागि जनस्वास्थ्य क्षेत्रमा कुनैपनि रिक्तताको महशुस नहुनेगरी कार्यक्रमहरु एकीकृत रुपमा लागू गरिनेछ ।

३०. दिगो विकास लक्ष्य अनुरुप सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जिवन प्रवर्द्धनका लागि समयमै रोग पहिचान गरी व्यवस्थापनमा सहयोग गर्न उपाध्यक्षसँग महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको लागि वृहत स्वास्थ्य शिविर कार्यक्रम (घरदैलो कार्यक्रम सहित) सञ्चालन गरिनेछ।

३१. पुरातात्विक एवम् गाउँपालिकाको ऐतिहासिक धरोहरको रुपमा रहेको घरपझोङ किल्लालाई संरक्षण, सम्बर्धन तथा प्रचारप्रसार सहित सौन्दर्यीकरण गर्नको लागि थप कार्यक्रमहरुको लागि गाउँपालिकाबाट पहल गरिनेछ।

३२. ऐतिहासिक लोक संस्कृतिको प्रतिरुप स्थानीय भाषा, लोक बाजा, लोक भाका तथा नृत्यहरु, खिला, फाला, त्युङ्ला तथा तोरन्ल्ह लगायतका स्थानीय पर्व र धर्मको संरक्षण गर्ने कार्यलाई अगाडि बढाइनेछ।

३३. माध्यमिक तहसम्मको विद्यालयहरुको व्यवस्थापन संविधानतः अहिले गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेको छ। यस गाउँपालिकामा रहेका सबै किसिमका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्ने नीति लिनेछ। माध्यमिक तहसम्मका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि गाउँपालिकाको शिक्षा ऐन अनुसार स्थानीय शिक्षा नियमावली तयार गरी लागू गरिनेछ।

३४. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयहरुलाई समन्वयात्मक रुपमा अगाडि बढाउन असल अभ्यासहरुको आदान प्रदान गर्ने नीति तथा कार्यक्रमहरु लागू गरिनेछ। प्रत्येक सामुदायिक विद्यालयहरुमा प्रविधि मैत्री शिक्षाको विकासमा जोड दिइनेछ।

३५. यस गाउँपालिका भित्र बसोबास गर्ने गरिव, दलित, जेहेन्दार, धौलागिरी प्राविधिक शिक्षालयमा अध्ययनरत विधार्थीहरुलाई दिएको स्थानीय छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३६. गाउँपालिका भित्रका गरिब दलित तथा पिछडीएका बर्गहरुका लागि प्राविधिक तथा ब्यवसायिक शिक्षाको ब्यवस्था गरिने छ यसका लागि जनहित माध्यमिक विद्यालयको प्राविधिक धारको शिक्षालाई थप ब्यवस्थित बनाउदै लगिने छ।

३७. शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सबै विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्वाधारमा गुणात्मकरुपमा सुधार गर्दै लगिने छ।

३८. विद्यालयको शैक्षिक ब्यवस्थापनलाई प्रभाबकारी बनाउन तथा शिक्षाको गुणस्तर अभिबृद्धी गर्न विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा शिक्षकहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३९. विद्यार्थीहरुमा पर्यटन ब्यवसाय सम्बन्धमा ज्ञान हासिल गरि भविश्यमा आत्म निर्भर हुने बनाउन विद्यालय पर्यटन क्लब कार्यक्रम सञ्चालन गरिनेछ।

४०. संघीय सरकार र गाउँपालिकाको लागत साझेदारीमा विद्यालय दिवा खाजा कार्यक्रमलाई थप ब्यवस्थित र प्रभावकारी  बनाउँदै लगिने छ।

४१. हाल कक्षा ३ सम्म लागू भएको स्थानीय पाठ्यक्रमलाई थप ब्यवस्थित गरी क्रमशः ४, ५ र कक्षा ८ सम्म विस्तार गर्दै लगिने छ।

४२. विधार्थीहरुलाई सामुदायिक विद्यालयमा आकर्षण गर्न तथा अभिभावकलाई  विद्यालयतर्फ  जिम्मेवार बनाउन अभिभावक प्रशिक्षण तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

४३. हरेक विद्यालयहरुले शैक्षिक वर्षको अन्तिममा "आन्तरिक मूल्यांकन प्रतिवेदन" निर्माण गरि सार्वजनिक गर्ने ब्यवस्था गरिने छ ।

४४. एक विद्यालय एक विशेष सक्षमता" कार्यक्रमको कार्यविधि निर्माण गरि लागु गरिने छ ।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु**

४५. सुत्केरी महिलाहरुलाई संघीय सरकारबाट प्रदान गरिदै आएको यातायात खर्चका अलावा यस गाउँपालिकाले थप पौष्टिक आहार खर्च प्रदान गर्दै आएकोमा सो कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ। गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण गराउने तथा स्वास्थ्य संस्थामा नै प्रसूति गराउन सबै सम्बन्धित घरपरिवारलाई प्रोत्साहन गरिनेछ।

४६. **स्वच्छ पिउने पानीको व्यवस्था तथा स्वच्छ वातावरणमा जिउन पाउने संविधान प्रदत्त मौलिक हक**प्रति यस गाउँपालिका सचेत र सजग रहेको छ। सबै गाउँपालिकाबासीहरुलाई स्वच्छ पिउने पानीको व्यवस्था गर्न स्थानीय सरकार अग्रसर रहिरहेको छ र यसै नीतिलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

४७. सरसफाई सभ्य समाजको द्योतक हो। यसै विषयलाई हृदयम गर्दै गाउँपालिकाको सरसफाईमा स्थानीय सरकार लागिरहेको छ। कालीगण्डकी नदीको पवित्रतालाई अक्षुण्ण राख्दै गाउँपालिकाको फोहोरमैलालाई व्यवस्थित गर्न घरपझोङ गाउँपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को प्रभावकारी कार्यान्वयनका लागि स्थानीयस्तरमा सो ऐनको बारेमा स्थानीय जनतालाई जानकारी गराईनेछ।

४८. आगामी आर्थिक वर्षमा फोहोरमैला व्यवस्था सम्बन्धी जनचेतनामूलक तालीम कार्यक्रमको माध्यमवाट स्थानीय जनातालाई थोरै फोहोर उत्पादन गर्न र उत्पादित फोहोर घरमै व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ। घरमा व्यवस्थापन गर्न नसकिएको फोहोरलाई वर्गीकरण गरी छुट्टाछुट्टै प्याकेटीङ गरी सम्बन्धित ठाउँमा पठाउने र घरपझोङ गाउँपालिकालाई स्वच्छ र सफा बनाउने नीति लिइनेछ।

४९. घरपझोङ गाउँपालिका बौद्ध र हिन्दू धर्मालम्बीहरुको अनुपम मिश्रणको नमूना हो ।यस क्षेत्रमा भएका सबै धर्म, संस्कृति, चालचलन, रीतिरिवाज, भेषभूषाको गाउँपालिकावाट संरक्षण, एवम् प्रवर्द्दन गर्दै लगिनेछ।

५०. मुस्ताङ जिल्ला तुलनात्मक रुपमा महिलामैत्री जिल्ला हो। यसलाई कायमै राख्दै महिला सशक्तिकरणका कार्यक्रमहरुवाट महिलाहरुको क्षमता अभिवृद्धि गरिने छ ।

५१. यस गाउँपालिकाभित्र रहेका सबै अपाङ्गता भएका व्यक्तिहरुलाई वर्गिकृत अपाङ्गता परिचयपत्र उपलब्ध गराईनेछ ।

५२. यस गाउँपालिकाभित्र रहेका ६० बर्ष माथिका सबै जेष्ठ नागरिकहरुलाई परिचय पत्र उपलब्ध गराईनेछ।साथै जेष्ठ नागरिकहरुको योगदानको उच्च मूल्याङ्कन गर्दै आगामी आ.व. मा पनि ५ वटै वडाका ६० वर्ष माथिका जेष्ठ (महिला) नागरिकहरुलाई धार्मिक अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ।

५३. यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउनको लागि बालक्लब, गाउँपालिका स्तरीय बालसञ्जाल पुर्नगठन तथा बालबालिकाहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ । साथै गाउँपालिका क्षेत्रभित्र वाल अधिकार सुनिश्चित गर्ने शासकीय अवधारणा वालमैत्री स्थानीय शासनको प्रवर्द्धन एवम् संस्थागत विकासमा जोड दिइ आगामी २ वर्ष भित्र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

५४. चालु आ.व. जस्तै आगामी आ.व.मा पनि यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुवाट २०७९ को SEE मा साधारण र प्राविधिक धार तर्फका उत्कृष्ट छात्र १ र छात्रा १ गरि जम्मा ४ जनालाई पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५५. गाउँपालिका क्षेत्रभित्रका दलित, अपाङ्गता भएका व्यक्ति र विपन्न नागरिकको लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्थालाई निरन्तरता दिइनेछ।

५६. यस गाउँपालिकाको लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GESI Audit) गरिनेछ।

५७. स्थानीय विकास निर्माणका कार्यक्रमहरुमा महिलाहरुको मात्र सहभागिता भएका केही उपभोक्ता समिति गठन गरी नमूनाका रुपमा आयोजना कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ। यस्ता कार्यहरुले महिलालाई थप प्रोत्साहित गर्नेछ र आगामी दिनहरुमा थप महिलामैत्री कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।प्रत्येक वडा समितिहरुले महिलाहरुको नेतृत्वमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न प्रोत्साहित गर्नेछन् ।

५८. स्थानीय सामाजिक सुरक्षा कोषबाट विपन्न विरामीहरुको लागि उपचार खर्च वापत आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५९. यस गाँउपालिका अन्तर्गत रहेको न्यूनतम रोजगारीको अवसर प्रदान गर्ने नीति आगामी आर्थिक वर्षमा पनि लिइनेछ। यस्ता कार्यक्रमहरु प्रभावकारी र उद्देश्यपरक रुपमा सञ्चालन गर्न वडा समिति तथा स्थानीय जनताहरुको नेतृत्वदायी भूमिका गाँउपालिकाले अपेक्षा गरेकोछ।

**अध्यक्ष महोदय**

६०.अव म आगामी आर्थिक वर्ष यस गाँउपालिकाले **पूर्वाधार विकास तर्फ** अंगीकार गर्ने नीति तथा कार्यक्रमहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पूर्वाधार विकास**

६१. चालु आ.व. देखी उपभोक्ता समितिवाट सञ्चालन हुने योजनाहरुवाट १ प्रतिशत रकम कटौती गरी एक मर्मत संभार कोषको व्यवस्थालाई आगामी आ.व.मा पनि निरन्तरता प्रदान गरिनेछ।

६२. आगामी आ.व. देखि पूर्णरुपमा गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनबाटै प्रशासनिक कार्य संचालन गरिनेछ।

६३. गाउँपालिकाको क्षेत्रभित्रको पार्किङ व्यवस्थापन गरिनेछ। शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गतको सघन शहरी तथा भवन निर्माण आयोजना, बाग्लुङबाट यस गाउँपालिकाको जोमसोममा निर्माण भएको नयाँ बसपार्क ट्रमिल भवन व्यवस्थित गरी प्रयोगमा ल्याईनेछ।

६४. सबै ग्रामीण सडकहरुको दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिइनेछ।गाउँपालिका भएर जाने **बेनी - जोमसोम-कोरला सडक तथा मोटरेवल पुलहरु** समयमानै सम्पन्न गराउनको लागि सम्बन्धित निर्माण

व्यवसायी तथा सम्बन्धित सरोकार निकायहरु सँगै आवश्यक समन्वय गरी निर्माण कार्यलाई गतिशीलता प्रदान गरिनेछ।

६५. संघीय सरकारको सहयोगमा मार्फा छैरो जाने बेली बृज निर्माण योजनाको समन्वय र कार्यान्वयन गरिनेछ।

६६. गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको कृषि पेशालाई समुन्नत बनाउन **सिंचाईलाई प्राथमिकता**मा राखिने छ।स्याउ तथा अन्य वालीहरुका लागि सिँचाई अनिवार्य सर्त हो।त्यसैले गाउँपालिका क्षेत्रभित्र सिँचाई पूर्वाधार विकासमा विशेष जोड दिइनेछ।सबै परम्परागत कुलोहरुको मर्मत संभार गरिनेछ।सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुर्याउने स्थानीय सरकारको नीति रहनेछ।

६७. गाउँपालिकाका परम्परागत घरहरुलाई संरक्षण गर्दै नयाँ घरहरुका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ।नयाँ घरहरु निर्माण गर्दा भवन निर्माण सम्बन्धी नेपाल सरकारको मापदण्ड तथा यस गाउँपालिकाको **नक्सापास सम्बन्धि मापदण्ड, २०७५** को अवलम्बन गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। यस गाउँपालिका भित्र रहेका पुराना घरहरुका लागि घर नम्वर प्रदान गरी अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिई आगामी आ.व. देखी नयाँ बनाउने घरधनीहरुले अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने व्यवस्थालाई अझ कडाइका साथ लागू गरिनेछ।

६८. धार्मिक तथा ऐतिहासिक महत्व बोकेको ढुम्बा काललाई मुस्ताङ भ्रमण गर्ने पर्यटकहरुको लागि अनिवार्य गन्तव्य बनाई तिनीहरुको बसाई लम्ब्याउने गरी तालको समग्र व्यवस्थापन गर्ने नीति लिइनेछ।

६९. गाउँपालिका क्षेत्रभित्र निरन्तर चलिरहने हावाका कारण अव्यवस्थित रुपमा रहेका विजुलीका तारवाट आउने सक्ने जोखिमपूर्ण अवस्थालाई मध्यनजर गर्दै विजुलीका तारहरुलाई व्यवस्थित गर्न भूमिगत गर्ने कार्यलाई आगामी आ.व. मा समेत निरन्तरता प्रदान गरिनेछ।

७०. आन्तरिक राजश्व- परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गरी राजस्वका सम्भाव्य क्षेत्रहरुको खोजी गर्ने एवम् राजस्व परिचालनका लागि अबलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गर्ने गरी कार्यान्वयनमा ल्याइनेछ।

७१. धेरै चहलपहल हुने वजार क्षेत्रका गतिविधिलाई निगरानी गर्ने उद्देश्यले जडान गरिएको सिसिटिभीहरुको प्रभावकारी उपयोगमा जोड दिइनेछ।

७२. स्थानीय जनतासँग साझेदारी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षका लागि वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र अंगिकार गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**<u>वातावरण तथा विपद् व्यवस्थापन</u>**

७३. यस गाउँपालिका क्षेत्रमा पाइने जैविक विविधताको संरक्षणमा विशेष जोड दिइनेछ। नाङ्गा भू-भागलाई वृक्षारोपण गर्ने तथा कालीगण्डकीको कटान न्यूनीकरणका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा कार्यक्रम अगाडि बढाइनेछ।

७४. जलवायु परिवर्तनबाट श्रृजित समस्याहरुको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु तय गरी लागू गरिनेछ । साथै नवप्रर्वतानात्मक साझेदारी कार्यक्रम अन्तर्गत विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन सिकाई केन्द्रको स्थापना गरिनेछ।

७५. जल उत्पन्न प्रकोप नियन्त्रण कार्यका लागि **विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोष**को व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

७६. गाउँपालिका क्षेत्रभित्र विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गरी विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ।

७७. विपद व्यवस्थापन अन्तर्गत पूर्व तयारी एवम् विपदको वेला तथ्याङ्क संकलन गर्ने, अधावधिक गर्ने र सम्भावित विपद, प्रकोप, सङ्कटासन्न समुदाय र उद्वार सामग्रीको उपलब्धता जस्ता विषयमा आवश्यक जानकारी संकलन गरी विपद व्यवस्थापनको कार्यलाई पूर्ण रुपले प्रभावकारी वनाउन आगामी आ.व. भित्र स्थानीय आपतकालीन कार्यसंचालन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षका लागि संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा गाउँपालिकाले अंगिकार गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

**<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन</u>**

७८. जनप्रतिनिधीहरुलाई **समय सापेक्ष सीप विकास तथा सूचना प्रविधिको प्रयोग** सम्बन्धमा प्रशिक्षित हुने उपयुक्त कार्यक्रमहरुको व्यवस्था गरिनेछ। विभिन्न सरकारी कामकाज सम्बन्धी विद्यमान नीतिगत तथा कार्यसम्पादन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ।

७९. गाउँपालिका क्षेत्रभित्रका सडक बत्तीहरुको सञ्चालन एवम् व्यवस्थापन गर्ने कार्यलाई नियमित एवम् व्यवस्थित गरिनेछ।

८०. गाउँपालिका र वडास्तरीय सिमाको विवाद अन्त्य गर्दै आफ्नो सिमा प्रारम्भ र सीमा अन्त्य हुने ठाउँमा गेट निर्माणका लागि आवश्यक पहल गरिनेछ।

८१. स्थानीय पर्यटन प्रवर्द्धनको लागि विभिन्न सञ्चार माध्यम, संकेत, चिन्ह, स्टिकर, ब्रोसर, पाटी लगायतको प्रयोग गरिनेछ साथै QR code को प्रयोग गरी स्थान/ठाउँको बारेमा जानकारी दिइनेछ।

८२. स्थानीय कृषि उपज बजारीकरण तथा प्रदर्शनीका लागि कृषि तथा फलफूल महत्सवको आयोजना गरिनेछ।

८३. जनताका लागि सेवा प्रवाह गर्ने कर्मचारी संयन्त्रको **क्षमता अभिवृद्धि** गरी कार्यसम्पादनलाई चुस्त दुरुस्त पारिनेछ। गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम, अन्तरपालिका स्तरीय असल अभ्यास तथा अनुभव आदानप्रदान र विदा पर्यटनलाई प्रोत्साहन गरिनेछ।

८४. **कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धि** गराउने, मनोबल उच्च पार्ने र त्यसको माध्यमबाट सेवाप्रवाहमा प्रभावकारिता ल्याउनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ। अतिरिक्त समयमा कार्यालयमा काम गरे बापत कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधिलाई थप वैज्ञानिक बनाईनेछ।

८५. सबै **वडा कार्यालयहरु**लाई थप व्यवस्थित गरिनेछ। आवश्यक फर्निचर तथा विद्युतीय सामाग्रीहरुको अपुग नहुने गरी प्रवन्ध गरिनेछ। अधिकांश वडा कार्यालयहरुको आफ्नै भवन बनिसकेको अवस्थामा सबै वडाहरुमा नागरिक वडापत्र बमोजिम सेवा प्रवाह गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ।

८६. आजको प्रविधिको युगमा सेवा प्रवाहलाई पनि प्रविधिमा आधारित बनाउन आवश्यक छ। वडा कार्यालयहरुमा इन्टरनेटको पहुँच पुगिसकेको अवस्थामा सेवा प्रवाहलाई प्रविधिमैत्री बनाईनेछ। यस सम्बन्धमा चालू आर्थिक वर्षबाटै केही कार्यहरु सुचारू भएकोमा सूचना प्रविधिको प्रयोग गरी उत्पादकत्व अभिवृद्धि गर्ने तर्फ थप कार्यक्रमहरु लागू गर्दै लगिनेछ।

८७. सबै वडा कार्यालयहरुलाई गाउँ कार्यपालिकाको कार्यालयसँग विद्युतीय सूचना प्रविधिबाट जोडिएकोछ। आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै वडा कार्यालयहरुलाई समन्वय गर्न सकिने व्यवस्था मिलाईनेछ।

८८. यस गाउँपालिकाद्वारा विनियोजन गरिएको बजेटको अधिकतम् उपयोग हुने प्रवन्ध गरिनेछ। आयोजना तथा कार्यक्रम कार्यान्वयनमा मितव्ययिता कायम गरिनेछ। सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई आयोजना स्थलमा होडिङ बोर्ड राख्ने जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग अनिवार्य गरी सुशासन प्रवर्द्धन गरिनेछ।

८९. माथि उल्लिखित नीतिहरुको कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले आवश्यक कानून बनाई लागू गर्नेछ। यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यकता अनुसार समन्वय र सहकार्यको संस्कृति विकास गरिनेछ। त्यसै गरी मुस्ताङ जिल्लाको अरु गाउँपालिकाहरु बिच अन्तरपालिका बैठकको आयोजना गरी एक आपसमा अनुभव एवम् असल अभ्यासको आदानप्रदान गरी अनुशरण गरिनेछ।

९०. आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमहरु निर्माण गर्नको लागि प्रत्यक्षरुपमा महत्वपूर्ण सल्लाहसुझाव दिनुहुने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्षज्यूहरु, विषयगत समितिका

सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु र सबै कर्मचारीहरुमा धन्यवाद व्यक्त गर्दछु। साथै, अप्रत्यक्ष रुपमा सल्लाह सुझाव दिनु हुने सबै गाउँसभाका सदस्यज्यूहरु, राजनीतिक दलका साथीहरु, घरपझोङवासी दाजुभाइ दिदिबहिनीहरुमा समेत कृतज्ञता ज्ञापन गर्दछु।

९१. आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाउँपालिकामा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। उल्लिखित नीतिहरुको कार्यान्वयनका लागि गरिमामय गाउँसभाका सबै सदस्यज्यूहरु, कर्मचारीहरु, आम जनता, बुद्धिजिवी तथा सबै सरोकारवाला घरपझोङबासीको साथ र सहयोगको अपेक्षा गरेको छु। सरोकारवाला सबैको साथ र सहयोगले नै घरपझोङ गाउँपालिकाको **"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृति :कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि"** भन्ने नारालाई व्यवहारमा उतार्दै स्थानीय जनतामा आशा र भरोसाको सञ्चार गर्न उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनबाट सहयोग पुग्ने विश्वास लिएको छु।

धन्यवाद !

**प्रस्तुतकर्ता**
(मोहन सिंह लालचन)
**अध्यक्ष**
**घरपझोङ गाउँपालिका, मुस्ताङ**

गाउँ सभामा गाउँपालिकाका

उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक

श्री जमुना थापा मगरज्यूले प्रस्तुत गर्नु भएको

# आ.व.२०८०/८१ को

# वार्षिक विकास योजना, कार्यक्रम तथा बजेट

सभामा पेश भएको मितिः २०८०/०३/०७

सभाबाट पारित भएको मितिः २०८०/०३/०७

गाउँसभाको बाह्रौं अधिवेशनमा पेश भएको आ.व. २०८०/८१ को वार्षिक विकास योजना, कार्यक्रम तथा बजेट

**"समावेशी, सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृतिः**
**कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि"**

**घरपझोङ गाउँपालिकाको गाउँ सभाको १२ औं अधिवेशनमा यस गरिमामय बैठकको अध्यक्षता गरिरहनु भएका गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत समेत उपस्थित कर्मचारी मित्रहरु।**

**सभाध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु**

१. यस गाउँपालिकाको समृद्धि कृषि, पशुपालन, लघु उद्यम तथा पर्यटन प्रवर्द्धनमा निर्भर रहेकोले यी क्षेत्रहरुमा प्राथमिकता दिइदै आएको छ। गाउँपालिका क्षेत्रभित्रका खेतीयोग्य जग्गाहरुमा तारवार लगाउने कार्य निरन्तर अघि बढिरहेको छ। विभिन्न वडाहरुमा सामूहिक कृषि फर्म, आलुवाली, बाख्रापालन, स्याउ/ओखर पकेट विकास कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

२. गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुलाई प्रविधिमैत्री बनाईएको छ। सबै वडा कार्यालयहरु र गाउँ कार्यपालिकाको कार्यालयमा छिटो गतिको इन्टरनेटको प्रबन्ध मिलाईएको छ। वडा कार्यालयहरुको पत्राचार, घटना दर्ताका काम तथा राजस्व संकलनको कार्य विद्युतीय माध्यमबाट संचालन हुँदै आइरहेका छन्।

३. यस घरपझोङ गाउँपालिकाको बहुचर्चित पर्यटकीय गन्तव्य बनेको ढुम्बा ताललाई थप व्यवस्थित गर्न आगामी आर्थिक बर्षमा सङ्घीय तथा गण्डकी प्रदेश सरकारसँग सहकार्य गरी पर्यटन विकासमा जोड दिइनेछ।

४. यस गाउँपालिकामा उद्योग ग्राम स्थापना गर्नको लागि उपयुक्त जग्गा छनोट गरी उद्योग ग्रामको भौतिक पूर्वाधार निर्माण गर्न पहल गरिनेछ र उद्योग ग्रामको स्थापना पश्चात मुस्ताङ जिल्लाकै साना उद्योगीहरु लाभान्वित हुनेछन् भने रोजगारीको अवसरहरु समेत वृद्धि हुनेछन्।

५. संघ, प्रदेश र गाउँपालिका तीनै तहका सरकारहरुको सहलगानीमा यस गाउँपालिकाको वडा नं. ४ जोमसोममा सुविधासम्पन्न इन्डोर खेलकुद ग्राम निर्माण गर्ने कार्य भइरहेको छ। आगामी आर्थिक वर्षमा समेत यस आयोजनालाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनबाट प्रशासनिक काम कारवाही प्रारम्भ हुनेछ। जसबाट सेवाप्रवाह अझै प्रभावकारी र चुस्त दुरुस्त हुनेछ ।

७. राष्ट्रिय गौरवको आयोजना **कालीगण्डकी कोरिडोर बेनी जोमसोम कोराला सडक** निर्माणमा शिघ्रता ल्याउन गाउँपालिकाले पटक पटक पहल गर्दै आएको छ । यसै अन्तर्गत जोमसोम खण्डको काम शुरु भैसकेकोले छिटो सम्पन्न गर्न आवश्यक पहल गरिने छ।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु**

८. आजको युग भनेको सूचना प्रविधिको युग हो। नेपालको संविधानले सबै नेपाली नागरिकहरुको लागि सूचनाको हकको प्रत्याभूत गरेको छ। जनताको मौलिक हकको रुपमा रहेको सूचनाको हकको प्रत्याभूतिका लागि गाउँपालिका सधैं सक्रिय रहने विश्वास दिलाउन चाहन्छु।

९. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रत्येक वडाहरुका साना साना विकास निर्माणका कार्यहरु भईरहेका छन। यसबाट एकातिर विकास निर्माणका कार्यहरु भएका छन् भने अर्कोतर्फ बेरोजगार युवा तथा अन्य व्यक्तिहरुलाई कम्तीमा पनि न्यूनतम रोजगारीका अवसरहरु प्राप्त भईरहेका छन्। आगामी आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझै परिस्कृत युवा लक्षित कार्यक्रम सञ्चालन गरी स्थानीय जनतालाई रोजगारी बढाउनुको साथै सीप विकासका अवसरहरु प्रदान गरिनेछ।

१०. अव म आगामी आर्थिक वर्षका लागि गाउँपालिकाले पेश गरेको नीति तथा कार्यक्रमको आधारमा तयार गरेको वार्षिक बजेटको संक्षिप्त प्रारुप पेश गर्ने अनुमति चाहन्छु।

११. आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट तयार गर्दा प्रचलित कानूनहरुले निर्दिष्ट गरे बमोजिमका सबै प्रकृयाहरुको अवलम्बन गरिएकोछ। वस्तीस्तरबाट संकलित योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णय बमोजिम आजको यस सभामा पेश गर्ने व्यवस्था मिलाएको छु।

१२. आगामी आर्थिक वर्षको वार्षिक बजेटका मुख्यतया देहाय बमोजिमको सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी रहेका छन्।

**सोच**

आर्थिक रुपमा सवल, सामाजिकरुपमा एकतावद्ध, साँस्कृतिक रुपमा मौलिक, गन्तव्य किटान भएको सुन्दर, समृद्ध पर्यटकीय गाउँपालिका बनाउने ।

**लक्ष्य**

सन्तुलित एवम् समन्यायिक विकासको माध्यमबाट समतामूलक र समृद्ध समाजको निर्माण गर्ने।

**उद्देश्यहरुः**

क) विकास आयोजना तथा कार्यक्रमहरुको लागि श्रोतको सुनिश्चितता गर्ने,

ख) अधुरा आयोजनाहरुलाई प्राथमिकता दिने,

ग) गरिबी न्यूनीकरण गरी आर्थिक विकासमा टेवा पुऱ्याउने योजना तथा कार्यक्रमको छनौट गर्ने,

घ) विकास निर्माणमा भौगोलिक समानता र समता कायम गर्ने,

ङ) बस्तिस्तरबाट छनौट भई आएका योजना तथा गाउँपालिकाको आवधिक योजनामा उल्लेखित योजनालाई प्राथमिकता दिने,

च) जनसहभागिता अभिवृद्धि गराउन सकिने आयोजनाहरु छनौट गर्ने,

छ) सहभागितामूलक योजना निर्माण प्रकृयालाई प्रश्रय दिने,

ज) जनचाहना बमोजिमका आयोजनाहरु छनौट गर्ने,

झ) आयोजना निर्माणसँग सम्बन्धित सबै विषयक्षेत्रहरुमा बजेट विनियोजन गर्ने,

ञ) पर्यटन प्रबर्धनमा जोड दिने,

ट) समावेशी र समन्यायीक विकास प्रयासलाई प्रश्रय दिने,

ठ) रोजगारी उन्मूख आयोजनाहरुको छनौटमा जोड दिने,

ड) श्रोत र साधनको अधिकतम् उपयोग गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्ने योजनाको छनौट गर्ने,

ढ) दिगो प्रतिफल दिने तथा जनताको जीवनस्तरमा तत्काल सुधार ल्याउने आयोजनालाई जोड दिने।

१३. आगामी आर्थिक वर्षको बजेट मुख्य रुपमा देहायका दस्तावेज समेतको आधारमा तयार पारेकोछु।

क) नेपालको संविधान

ख) नेपाल सरकार र गण्डकी प्रदेश सरकारको आवधिक योजनाहरु

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) गाउँपालिकाको प्रथम आवधिक योजना।

ङ) दीगो विकास लक्ष्यहरु

च) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमहरु

छ) संघीय सरकार तथा अन्तर्गतका निकायहरुबाट बेला बेलामा भएका निर्देशन, दिग्दर्शन, परिपत्र तथा कार्यविधि

ज) गाउँ कार्यपालिकाबाट भएका निर्णयहरु

झ) योजना छनौटको क्रममा वडास्तरबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरुको विवरण

ञ) स्थानीय राजश्व परामर्श समिति तथा विषयगत समितिहरुबाट भएका निर्णयहरु

ट) अन्य सान्दर्भिक विषयहरु।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरु**

**अपेक्षित उपलब्धी**

यस बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट स्थानीय जनताको जीवनस्तर माथि उठी आर्थिक तथा सामाजिक रुपान्तरणमा योगदान पुग्ने विश्वास लिएको छु।

**<u>आर्थिक विकास</u>**

१४. यस गाउँपालिकाको मुख्य आर्थिक उपार्जन गर्ने क्षेत्र भनेको कृषि, पशुपालन तथा पर्यटन क्षेत्र नै हो। आगामी आर्थिक वर्षमा कृषि तथा पर्यटन क्षेत्रको प्रवर्धनका लागि विशेष योजना तथा कार्यक्रमहरु प्रस्ताव गरेकोछु।

१५. आगामी आर्थिक वर्षको लागि सर्शत बाहेकको आर्थिक विकास तर्फ कुल रु. ६९ लाख ७३ हजार ६७५ रुपैयाँ बजेट विनियोजन गरेको छु।

- आगामी आर्थिक वर्ष पशुपन्छी विकास शाखा अन्तर्गत विभिन्न कार्यक्रमहरुमा मिनिरल मिक्चर खरिद, पशुपन्छी सम्बन्धी औषधी खरिद , आन्तरिक तथा बाह्यपरजीवी नियन्त्रणका लागि ६ लाख बजेट व्यवस्थापन गरेको छु।
- लघु उद्यमीहरुका लागि स्याङ र जोमसोममा स्याउका परिकार बनाउने उद्यमीहरुलाई क्याण्डी, माडा सुकाउने सोलार ड्रायर साझेदारीमा (८०%:२०%) वितरण गर्नका लागि रु १ लाख व्यवस्था गरेको छु।
- कृषक लक्षित कार्यक्रमहरुलाई ७५% अनुदानमा ५ केजी स्याउको कार्टुनको लागि रु. ४ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु।
- मार्फा चौडा पाते रायो सागको बिउको लागि निःशुल्क वितरण हुने गरी रु. २३ हजार १ सय ७५ रुपैयाँको बजेटको व्यवस्था गरेको छु।
- स्याउ खेतीमा किरा नियन्त्रणका लागि खनिज तेल, खरिदको लागि (Agriculture Tree Servo Oil (ATSO)) ५०% अनुदानमा रु. १० लाख बजेटको व्यवस्था गरेको छु।
- घरपझोङ गाउँपालिकामा उत्पादित कृषि तथा कृषिजन्य उत्पादनको प्रचारप्रसार र कृषकहरुको मनोवललाई प्रोत्साहन गर्न कृषि तथा फलफूल महोत्सव आयोजना गरिनेछ। उक्त महोत्सवका लागि सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सहयोगको आवहान गरिनेछ।
- यस गाउँपालिकामा रहेका सहकारी संस्थाहरुलाई व्यवस्थित गर्नका लागि सहकारी विभागबाट सञ्चालित विद्युतीय प्रणाली (COPOMIS) को तालिम प्रदान गरिनेछ। सहकारी

संस्थाको अवस्था बुझ्न र सुझाव तथा निर्देशन गर्नलाई बैठक तथा अनुगमन गरिनेछ। उक्त कार्यक्रम गर्नका लागि रु. १ लाख १० हजार बजेटको व्यवस्था गरेको छु।

१६. आगामी आर्थिक वर्षका लागि गण्डकी प्रदेश सरकारबाट समपूरक अनुदान तर्फ कैसाङ खोला ठिनी सिँचाई आयोजना वडा नं ५ का लागि रु. ७० लाख बजेटको व्यवस्था भएको छ।

१७. संघीय सरकारबाट स्याउ ग्राम निर्माण, ठिनी (स्याउ संकलन, प्याकिङ, चिस्याङ केन्द्र तथा बिक्री केन्द्र निर्माण ) घरपझोङ -५, का लागि रु. ८० लाख बजेटको व्यवस्था भएको छ।

## पूर्वाधार विकास

१८. आगामी आर्थिक वर्षको लागि शर्सत बाहेकको पूर्वाधार विकास तर्फ कुल रु. ६९ लाख ७३ हजार ६ सय ७५ रुपैयाँ बजेट विनियोजन गरेको छु।

१९. पूर्वाधार विकास तर्फ आगामी आर्थिक वर्षमा गाउँपालिका क्षेत्रभित्र चिमाङ महिला समूहको भवन निर्माण, कोटघरदेखि दलितबस्ती हुदै वृक्षरोपणसम्म जाने बाटो मर्मत योजना, मार्फा, जनवाल मा.वि.देखि भानी प्रसादको घरसम्मको कुलोमा सल्याव तथा कुलो मर्मत, पुथाङ एयरपोर्ट क्षेत्रमा भूमीगत विद्युतलाईन व्यवस्थापन (क्रमागत), जोमसोम महिला समूह भवन निर्माण योजना, ORC (गाउँ समाज भवन निर्माण), ढुम्बा, छपनी बिछ्याउने (क्रमागत), ठिनी, महिला उद्यमीहरुको लागि झिलिङ्गा माडा क्याण्डी सुकाउने हट रूम निर्माण, ठिनी, कोठ घर व्यवस्थापन लगायतका पूर्वाधार योजनाहरुका लागि बजेट विनियोजन गरिएको छ।

२०. गाउँपालिकाको प्रशासनिक भवनमा गेट र अन्य पूर्वाधार निर्माण गर्नको लागि रु. ३० लाख बजेटको प्रबन्ध मिलाएकोछु।

२१. विविध तथा अन्य पूर्वाधारका लागि रु ३० लाखको बजेटको प्रबन्ध मिलाएको छु।

२२. संघीय सरकारबाट मार्फा छैरों जाने बेली बृज निर्माण योजना, घरपझोङ-१, छैरोंका लागि रु. ८० लाख बजेट विनियोजन भएको छ।

## सामाजिक विकास

२३. आगामी आर्थिक वर्षको लागि शर्सत बाहेकको सामाजिक विकास तर्फ कुल रु. ६९ लाख ७३ हजार ६ सय ७५ रुपैयाँ बजेट विनियोजन गरेको छु।

२४. शिक्षातर्फ सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरुलाई यथावत राखी विद्यालय पर्यटन क्लब कार्यक्रम, परिक्षा व्यवस्थापन कक्षा ८, उत्कृष्ट प्र.अ./शिक्षक पुरस्कार, प्र.अ. बैठक खर्च, स्थानीय पाठ्यक्रम लेखन तथा छपाई कक्षा (४-५), सूचकमा आधारित रहेर विद्यालय अनुगमन तथा प्रतिवेदन (सामाजिक विकास समिति, कार्यपालिका, शिक्षा शाखा), पाठ्यपुस्तक अनुदान थप, क्षमता विकास प्र.अ., विद्यालय व्यवस्थापन ,शिक्षक, विद्यालय स्तरीय तथ्याङ्क व्यवस्थापन तालिम IEMIS का लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

२५. स्वास्थ्यतर्फ आगामी आर्थिक वर्षमा पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो १००० दिन कार्यक्रम कार्यान्वयन, पूर्ण खोप दिगोपन सुनिश्चितता कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

२६. घरपझोङ गाउँपालिकामा रहेका अपाङ्गता, गरिब, दलित समुदायको स्वास्थ्य बीमा निरन्तरताको लागि प्रिमीयम रकम भुक्तानी तथा सचेतनाका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु ।

२७. घरदैलो कार्यक्रम अन्तर्गत गाउँघर क्लिनिक संचालन यातायात, अनुगमन तथा सामाग्री व्यवस्थापनको लागि बजेट विनियोजन गरेको छु ।

२८. सेवा प्रवाहलाई ध्यानमा राखी विभिन्न मध्यम खालका उपचारका लागि निःशुल्क औषधी वितरण गर्न स्वास्थ्य संस्थाको लागि मेडिकल तथा अन्य सामाग्री खरिद (स्वास्थ्य संस्था सुदृढिकरण) को लागि बजेट विनियोजन गरेको छु।

२९. स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम, पारिवारीक स्वास्थ्य प्रोफाईल लगत संकलन अध्यावधिक, मार्फा स्वास्थ्य चौकीमा २४ घण्टे सेवा प्रवाहको लागि स्वास्थ्यकर्मी अतिरिक्त भता, राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको लागि पुस्तिका खरिदको लागि बजेट विनियोजन गरेको छु।

३०. उपाध्यक्षसँग महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि वृहत स्वास्थ्य शिविर कार्यक्रम (घरदैलो कार्यक्रम सहित)को लागि बजेट विनियोजन गरेको छु।

३१. महिला तथा बालबालिका कार्यक्रम अन्तर्गत महिला तथा पुरुषहरुको सहभागिता हुने गरी नेतृत्व विकासका लागि उद्घोषण तथा भाषणकला तालिमको लागि बजेट विनियोजन गरेको छु।

३२. कानुनी सचेतना तालिम (बालश्रम, बालविवाह, बहुविवाह,दाइजो/दहेज, बोक्सी जस्ता प्रथा सम्बन्धी), अन्तर्राष्ट्रिय महिला दिवस (विविध कार्यक्रम सहित), स्तनपान कक्ष व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३३. बालवालिका सम्बन्धी गाउँपालिका स्तरीय बाल सञ्जाल पुनर गठन तथा अभिमुखीकरण, गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुबाट २०७९ सालको एस.इ.इ. परीक्षामा साधारण र प्राविधिक धारतर्फ उत्कृट छात्र/छात्रा १/१ जनालाई पुरस्कृत कार्यक्रम (जम्मा ४ जना), बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम, बाल श्रमिकहरुको तथ्याङ्क संकलन तथा अनुगमन र बालश्रम मुक्त

स्टिकर टाँस, स्यानेटरी प्याड डिस्पोजल मेशिन खरिद, बाल कोष सम्बन्धी बजेट विनियोजन गरेको छु ।

३४. जेष्ठ नागरिक परिचयपत्र वितरण तथा अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गता परिचय पत्र वितरण समितिको बैठक तथा परिचय पत्र वितरण, अपाङ्गता भएका विद्यार्थीहरुलाई शैक्षिक कार्यक्रममा सहयोग, जेष्ठ नागरिक परिचय पत्र वितरण, लैंगिक उत्तरदायी बजेट परिक्षण (GRB Audit),लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण (GESI Audit) को लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३५. सामाजिक विकास अन्तर्गत चिमाङ तारा खेल इण्डोर हलको ढल निकास, छैरो परम्परागत सिपलाई आधुनिकीकरण गर्ने, मार्फा गाउँमा सि.सि. टि.भी. क्यामरा जडान , ज्येष्ठ नागरिकको लागि साउना तथा जाकुजी वाथ निर्माण तथा व्यवस्थापन, दलित सामुदायिक भवनमा किचन सामग्री खरिद, मार्फा, डेन्टल चिकित्सकको पारिश्रमिकको लागि बजेट विनियोजन गरेको छु।

३६. युवा स्वरोजगार कार्यक्रमका लागि रु. २५ लाख रुपैयाँको बजेट विनियोजन गरेको छु ।

## वातावरण तथा विपद् व्यवस्थापन

३७. आगामी आर्थिक वर्षको लागि शर्सत बाहेकको वातावरण तथा विपद् व्यवस्थापन तर्फ कुल ४१ लाख ८४ हजार २ सय ५ रुपैयाँ बजेट विनियोजन गरेको छु।

३८. आगामी आर्थिक वर्षका लागि विपद् व्यवस्थापनका लागि रु. २० लाख बजेटको व्यवस्था गरेको छु।

३९. यस गाउँपालिका नदीजन्य कटानको उच्च जोखिममा रहेको स्थानीय तह हो। हालसम्म कालीगण्डकी तथा अन्य खोलाहरुको कटानबाट सयौं रोपनी खेतियोग्य जमीन बगरमा परिणत भएको अवस्थालाई मध्यनजर गरी गाउँपालिकाले नदीजन्य कटानबाट हुने क्षति न्यूनीकरण गर्न तटबन्धनको कार्यलाई पहिलो प्राथमिकतामा राखेको छ।

४०. वातावरण तथा विपद् व्यवस्थापन तर्फ छैरो छहरा गुम्बा तथा छ्योर्तेनको मर्मत, चिमाङ सिचाई मुहान जाने बाटोमा फेन्सिङ जाली निर्माण, छैरो आमा समूहको भवन माथि हट रुम निर्माण, दलित समाजलाई भाडा वर्तन खरिद, सपी सिचाईं योजना मर्मत, मार्फा, जनवाल मा.वि.को भवन स्तरोन्ती, वडा नं ३ कार्यालयमा कम्पाउण्ड निर्माण, काली गण्डकी नदी नियन्त्रण (भुपेन्द्रको घरदेखि राजुको घरसम्म), भुतिथाङमा बार लगाएर वृक्षरोपण गरि पार्क बनाउने, ठिनी, पहिरो नियन्त्रण, सम्ले-ढुम्बाका लागि बजेट विनियोजन गरेको छु।

४१. गाउँपालिका क्षेत्रको फोहोर मैला व्यवस्थापनको लागि रु. २० लाख १० हजार रुपैयाँ बजेट विनियोजन भएको छ।

४२. **प्रदेश सरकारको सर्शत अनुदान तर्फ** ठिनी खोल्सी नियन्त्रण, वडा नं ५ का लागि रु. ४० लाख विनियोजन भएको छ।

<u>**सुशासन तथा संस्थागत विकास योजना**</u>

४३. आगामी आर्थिक वर्षको लागि शर्सत बाहेकको सुशासन तथा संस्थागत विकास योजना तर्फ कुल २७ लाख ८९ हजार ४ सय ७० रुपैयाँ बजेट विनियोजन गरेको छु।

४४. कुनैपनि निकायको सफलता त्यसमा संलग्न मानव श्रोतमा निर्भर गर्नेमा दुईमत रहँदैन। विकासका आयामहरु मध्ये मानवश्रोतको विकास पनि एक प्रमुख आयाम हो। यिनै मानव जनशक्तिहरुको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री विकासका लागि आगामी आर्थिक वर्षका लागि विभिन्न कार्यक्रमहरुको प्रस्ताव गरेकोछु।

४५. १ र ५ वडा कार्यालयका लागि कम्पाउन्ड वाल/ तारबार निर्माण, मार्फा सम्ते छ्योलिङ गुम्बाका लामा विद्यार्थीलाई स्टेशनरी वितरण कार्यक्रम, मार्फा आमा समूहलाई शौचालय तथा सरसफाई व्यवस्थापन, मार्फा हेल्थ पोष्टको गेट मर्मत/ फिटिङको लागि बजेट विनियोजन गरेको छु।

४६. गापास्तरीय गाउँपालिकाको पार्वश्चित्र तयार, वार्षिक समिक्षा गोष्ठी सञ्चालन, वार्षिक प्रगति प्रतिवेदन प्रकाशन, जेष्ठ महिला नागरिकहरुलाई अवलोकन भ्रमणको लागि बजेट विनियोजन गरेको छु।

४७. सशर्त तर्फका सबै योजना तथा कार्यक्रमहरुलाई हुबहु प्रस्ताव गरेकोछु र यसैसाथ संलग्न विनियोजन विधेयक, २०८० को अनुसूचीमा सूचीकृत गरी राखेकोछु।

**अध्यक्ष महोदय र सभाका सदस्यज्यूहरु,**

४८. अव म आगामी आर्थिक वर्षको लागि अनुमानित आय र व्ययको अनुमान यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु। हालसम्म प्राप्त हुन आएका कार्यक्रमहरुको आधारमा आगामी आर्थिक वर्षको लागि अनुमानित बजेटको आकार रु. २९ करोड ९६ लाख ५९ हजार ७ सय रुपैयांको हुनेछ।

४९. कूल बजेट मध्ये आगामी आर्थिक वर्षमा सङ्घीय सरकारको वित्तिय समानीकरणबाट रु. ७ करोड ४ लाख, वित्तीय समानीकरण गण्डकी प्रदेश सरकारबाट ६६ लाख ८६ हजार, सङ्घीय सरकारको राजस्व बाँडफाँड संघ (अन्तः शुल्क र भ्याट) बाट रु. ४ करोड २९ लाख १६ हजार ७ सय,

गण्डकी प्रदेश सरकारको सवारी साधन कर बाँडफाँडबाट रु. १९ लाख ४७ हजार, सङ्घीय सरकारको सशर्त अनुदान तर्फ रु. ९ करोड ६८ लाख, संघीय विशेष अनुदान तर्फ रु. १ करोड ६० लाख, गण्डकी प्रदेश सरकारको विशेष र समपूरक अनुदान कूल रु. १ करोड १० लाख र गाउँपालिकाको आन्तरिक श्रोत तर्फको रकम रु. ९० लाख १० हजार रहने छ।

५०. यसै बमोजिमको बजेटको संरचनामा सामाजिक सुरक्षा वापतको रकम संलग्न गरिएको छ। सामाजिक सुरक्षा वापत वितरण गरिने रकम कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सम्बन्धित व्यक्तिको खातामा सिधै स्थानान्तरण हुनेछ । कूल प्रस्तावित बजेट मध्ये गाउँपालिकाको प्रशासनिक एवम्  चालू तर्फ जम्मा ८ करोड २५ लाख ५५ हजार खर्च हुने पूर्वानुमान रहेकोछ। त्यस्तै सशर्त अनुदान तर्फ शिक्षा, स्वास्थ्य, लघु उद्यम, पञ्जीकरण, कृषि तथा पशु र प्रधानमन्त्री रोजगार अन्तर्गत रु. ९ करोड ६८ लाख खर्च हुने अनुमान छ। साथै सामाजिक सुरक्षा एवम् संरक्षणका लागि रु. १ करोड ७५ लाख खर्च हुनेछ।  आगामी आर्थिक वर्षमा संघ तथा प्रदेशबाट बजेट प्राप्त गरी समपूरक तर्फ योजना सञ्चालनका लागि रु. १ करोड खर्च हुने अनुमान छ।

५१. अब म यस सभामा यस गाउँपालिका क्षेत्रभित्र आगामी आर्थिक वर्षमा लगाइने कर तथा गैरकर दस्तुर समेतको विषयमा जानकारी गराउने अनुमति चाहन्छु। स्थानीय सरकारको मुख्य आन्तरिक श्रोत भनेको कर तथा शुल्कहरुबाटै संकलन हुने रकम हो। चालू आर्थिक वर्षकै जस्तो करका दरहरु प्रस्ताव गरेकोछु। चालू आर्थिक वर्षभन्दा केही दरका क्षेत्रहरुमा दायरा विस्तार गर्ने प्रबन्ध मिलाएकोछु। गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा तय गरिएका राजस्व संकलनका दरहरुको प्रस्तावित विवरण यसैसाथ संलग्न आर्थिक विधेयक, २०८० मा प्रस्तुत गरेकोछु।

५२. आगामी आर्थिक वर्ष स्थानीय सञ्चित कोषबाट व्ययभार हुने रकम सहित विभिन्न कार्यक्रम तथा आयोजनाहरुको सूचि सहितको विनियोजन विधेयक, २०८० समेत यसैसाथ पेश गरेकोछु।

५३. कुनै पनि बजेट तथा कार्यक्रमको प्रभावकारिता त्यसको कार्यान्वयनमा निर्भर गर्दछ। उल्लिखित बजेटको सफल कार्यान्वयनका लागि यस गरिमामय गाउँसभाका सबै सदस्यज्यूहरु, कर्मचारी, आम जनता, वुद्धिजिवी तथा सबै सरोकारवाला घरपझोङवासीको साथ र सहयोगको अपेक्षा लिएको छु। सरोकारवाला सबैको साथ र सहयोगले नै घरपझोङ गाउँपालिकाको **"समावेशी , सामाजिक रुपान्तरण, प्रकृति संरक्षण र संस्कृति": "कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि"** भन्ने गाउँपालिकाको नारा तथा गण्डकी प्रदेश सरकारले अवलम्वन गरेको **समृद्ध प्रदेश, सुखी नागरिक**को दीर्घकालिन सोच र नेपाल सरकारले अबलम्बन गरेको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय संकल्प पूरा हुनेछ भन्नेमा विश्वास लिएकोछु।

५४. अन्त्यमा, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि सुझाव तथा सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका श्रद्धेय अध्यक्षज्यू, सबै निर्वाचित जनप्रतिनिधीज्यूहरु, राजनितिक दलहरुका जिम्मेवार पदाधिकारीज्यूहरु, विषयगत समिति लगायत अन्य समितिका सदस्यज्यूहरु, गाउँ कार्यपालिकाका सबै साथीहरुलाई आभार प्रकट गर्दै बजेट निर्माणको प्राविधिक पाटो व्यवस्थापनमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत संलग्न सबै कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। धन्यवाद!

**प्रस्तुतकर्ता**

(जमुना थापा मगर)

**उपाध्यक्ष तथा संयोजक**

**घरपझोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समिति**

## आ.व. २०८०/८१ को लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण

| अनुमानित आय | | | अनुमानित व्यय | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम रु. | सि.नं. | विवरण | रकम रु. | कैफियत |
| १ | वित्तिय समानिकरण संघ | ७०४०००००० | १ | चालु खर्च अनुमानित | ८२५५५००० | |
| २ | वित्तिय समानिकरण प्रदेश | ६६८६००० | २ | सशर्त अनुदान संघ चालु | ९६८००००० | |
| ३ | राजस्व बाँडफाँड संघ (अन्तःशुल्क र भ्याट) | ४२९१६७०० | ३ | विशेष अनुदान संघ | १६०००००० | |
| ४ | सवारी साधन करको बाँडफाँड प्रदेश | १९४७००० | ४ | सशर्त अनुदान संघ पूँजिगत | २५८००००० | |
| ५ | सशर्त अनुदान संघ चालु | ९६८००००० | ५ | सामाजिक सुरक्षा भत्ता अनुदान संघ | १७५००००० | |
| ६ | विशेष अनुदान संघ | १६०००००० | ६ | प्रदेश सरकार समपुरक अनुदान | ७०००००० | |
| ७ | सशर्त अनुदान संघ पूँजिगत | २५८००००० | ७ | प्रदेश सरकार सशर्त अनुदान | ४०००००० | |
| ८ | सामाजिक सुरक्षा भत्ता अनुदान संघ | १७५००००० | ८ | सडक बोर्ड नेपाल | १६००००० | |
| ९ | प्रदेश सरकार समपुरक अनुदान | ७०००००० | ९ | समपुरक कोष | १०००००००० | |
| १० | प्रदेश सरकार सशर्त अनुदान | ४०००००० | १० | युवा स्वरोजगार कार्यक्रम | २५००००० | |
| ११ | सडक बोर्ड नेपाल | १६००००० | ११ | गा.पा भवनमा गेट र अन्य पूर्वाधार निर्माण | ३०००००० | |
| १२ | आन्तरिक श्रोत | ९०१०००० | १२ | फोहोरमैला व्यवस्थापन | २०१०००० | |
| | | | १३ | विविध तथा अन्य पूर्वाधार | ३०००००० | |
| | **जम्मा रकम** | **२९९६५९७००** | | **जम्मा** | **२७१७६५०००** | |
| | | | | **विषयगत समितिहरुमा बाँडफाँड हुने बजेट** | **२७८९४७००** | |
| | | | | **<u>विषयगत क्षेत्रहरु</u>** | | |
| | | | १ | आर्थिक विकास तर्फ | ६९७३६७५ | |
| | | | २ | सामाजिक विकास तर्फ | ६९७३६७५ | |
| | | | ३ | पुर्वाधार विकास तर्फ | ६९७३६७५ | |
| | | | ४ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | ४१८४२०५ | |
| | | | ५ | सुशासन तथा संस्थागत विकास तर्फ | २७८९४७० | |
| | | | | **जम्मा** | **२७८९४७००** | |
| | | | | **कुल जम्मा** | **२९९६५९७००** | |

# चालु खर्चको अनुमान

| क्र.सं. | शीर्षक नं | विवरण | चालु आ.व.२०७९/८०को यथार्थ बजेट | आगामी आ.व.२०८०/८१ अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | २१११११ | कर्मचारी पारिश्रमिक | १६५००००० | १८५००००० | |
| २ | २१११२ | पदाधिकारी सेवा सुविधा | ८०००००० | ८५००००० | |
| ३ | २११२१ | पोशाक | ६००००० | ६४५००० | |
| ४ | २११३१ | स्थानीय भत्ता | २५००००० | २७००००० | |
| ५ | २११३२ | महंगी भत्ता | ९००००० | ९००००० | |
| ६ | २११३४ | बैठक भत्ता | ५००००० | ५००००० | |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २०००००० | १०००००० | |
| ८ | २२१११ | पानी बिजुली | ५००००० | ६००००० | |
| ९ | २२११२ | संचार महसुल | ४००००० | ५००००० | |
| १० | २२२११ | इन्धन(पदाधिकारी) | ४००००० | ६००००० | |
| ११ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ४००००० | ६००००० | |
| १२ | २२२१३ | सवारी साधन मर्मत खर्च | १०००००० | २०००००० | |
| १३ | २२२३१ | सार्वजनिक सम्पत्ति मर्मत | ५००००० | ५००००० | |
| १४ | २२२१४ | बीमा तथा नविकरण | ४००००० | ४००००० | |
| १५ | | वडा कार्यालय व्यवस्थापन | १०००००० | १०००००० | |
| १६ | ३११२३ | फर्निचर फिक्चर्स | २०००००० | १०००००० | |
| १७ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | २००००० | २००००० | |
| १८ | २२३११ | मसलन्द कार्यालय सामाग्री | २०००००० | २५००००० | |
| १९ | २२३१४ | इन्धन (अन्य प्रयोजन) | १००००० | २००००० | |
| २० | २२३१५ | पत्रपत्रिका छपाइ, सुचना | १०००००० | १०००००० | |
| २१ | २२४११ | परामर्श तथा अन्य सेवा शुल्क | ५००००० | २०००००० | |
| २२ | २२६११ | अनुगमन मूल्याङ्कन | ८००००० | ८००००० | |
| २३ | २२६१२ | भ्रमण खर्च | १५००००० | १५००००० | |
| २४ | २२७११ | विविध | २०००००० | २०००००० | |
| २५ | २२७२१ | गाउँ सभा संचालन खर्च | ५००००० | ५००००० | |
| २६ | | सामाजिक परिक्षण | १००००० | १००००० | |
| २७ | | सार्वजनिक सुनुवाई | १५०००० | १५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | | योजना व्यवस्थापन तथा प्रशासनीक खर्च | १५००००० | १५००००० | |
| २९ | २२७११ | अतिथी सत्कार | ५००००० | १०००००० | |
| ३० | २२५२२ | अन्य कार्यक्रम खर्च | १०००००० | १०००००० | |
| ३१ | २२४१३ | करार सेवा शुल्क | ५०००००० | ६०००००० | |
| ३२ | | जनप्रतिनिधीको लागि कानून निर्माण सम्वन्धी प्रशिक्षण | ५००००० | ३००००० | |
| ३३ | | कर्मचारीलाई १० दिन पर्यटन काज | १०००००० | ५००००० | |
| ३४ | | जनप्रतिनिधी र कर्मचारीको क्षमता अभिवृद्वि तालिम | ५००००० | २००००० | |
| ३५ | | अध्ययन अवलोकन भ्रमण | १०००००० | १०००००० | |
| ३६ | | स्वास्थ्य चौकी व्यवस्थापन विविध खर्च समेत | ५००००० | ५००००० | |
| ३७ | | वडा कार्यालय प्रशासनिक तथा विविध | १०००००० | १५००००० | |
| ३८ | | परिचयात्मक मायाको चिनो तथा डायरी वा अन्य | ५००००० | ३००००० | |
| ३९ | | एम्बुलेन्स संचालन तथा व्यवस्थापन(मर्मत र इन्धन समेत) | १०००००० | १०००००० | |
| ४० | | सडक बत्ति महसुल | ४००००० | ४००००० | |
| ४१ | | भैपरी आउने चालु खर्च | (राजस्व बाडाफाँड रकमको प्राप्त हुन नसक्ने रकम बाट श्रोत राखेको) | १००६०००० | |
| ४२ | | सरसफाई अभियान कार्यक्रम(होडिङ बोर्ड लेखाई समेत) | | २००००० | |
| ४३ | | विविध सांस्कृतिक कार्यक्रम | | २००००० | |
| ४४ | | पर्यटन प्रचार प्रसार तथा वृतचित्र | | ५००००० | |
| ४५ | | शिक्षा थप तलब करार कर्मचारी | २०७०००० | २५००००० | |
| ४६ | | स्थानीय जनता संग साझेदारी कार्यक्रम | | १०००००० | |
| ४७ | | विपद व्यवस्थापन | | २०००००० | |
| | | **जम्मा रकम** | **६२९२००००** | **८२५५५०००** | |

घरपझोङ गाउँपालिकाको

# आर्थिक ऐन, २०८०

घरपझोङ गाउँपालिकाको  गाउँ सभाबाट स्वीकृत भएको

मिति : २०८० । ३ । ७ गते

**घरपझोङ गाउँपालिका**

मुस्ताङ जिल्ला

गण्डकी प्रदेश, नेपाल

# घरपझोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८०

**प्रस्तावनाः**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, घरपझोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "घरपझोङ गाउँपालिकाको आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. यस गाउँपालिकामा अनुसूची १ मा उल्लेख गरिए बमोजिमका करहरु लिइनेछ ।

३. यस गाउँपालिकामा अनुसूची २ मा उल्लेख गरिए बमोजिमका दस्तुरहरु लिइनेछ ।

४. यस गाउँपालिकाको आन्तरिक आयको अनुमान अनुसूची ३ बमोजिम गरिएको छ ।

५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्न दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा सेवा शुल्क संकलन सम्बन्धी कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची १**

## करका दरहरु

आर्थिक बर्ष २०८०।८१ को लागि गाउँपालिकाले उठाउने करको दर

(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा ३ सँग सम्बन्धित)

| सि.नं. | राजश्वका क्षेत्रहरु | चालु आ.व. २०७९/८० को दर | आ.व. २०८०/८१ को स्वीकृत दर | पुष्ट्याइँ | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल व्यसाय कर | | १५०००० | तारे होटल | |
| | | ८५००० | ८५००० | २० वा सो भन्दा वढी कोठा भएको सुविधा सम्पन्न रिसोर्ट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३०००० | ३०००० | २० भन्दा कम कोठा भएको सुविधा सम्पन्न रिसोर्ट | |
| | | २५००० | २५००० | २० कोठा वा सोभन्दा बढी | |
| | | १२००० | १२००० | १० देखि १९ कोठासम्म | |
| | | ६००० | ६००० | ६ देखि ९ कोठासम्म | |
| | | ५००० | ५००० | ५ कोठा वा सो भन्दा कम | |
| २ | होमस्टे | ७०० | ७०० | प्रतिघर | |
| ३ | होलसेल/ठूलो किराना पसल कर | २०००० | २२००० | होलसेल रुपमा साना किराना पसलहरुको सामाग्री वितरणलाई आधार लिइएको । | |
| ४ | मध्यम किसिमको किराना पसलहरु | १०००० | १२००० | | |
| ५ | साना किसिमको किराना पसलहरु | ५००० | ६००० | | |
| ६ | रेष्टुरेण्ट, खुद्रा पसल, स्टेशनरी, तरकारी पसल, मासु पसल तथा विभाजनमा नपरेका अन्य सबै पसलहरु | २००० | २५०० | | |
| ७ | कम्प्यूटर इन्स्टिच्यूट | २००० | २००० | | |
| ८ | अफसेट प्रेस | २००० | २००० | | |
| ९ | घुम्ती पसलहरु/व्यापार | जिप वार्षिकः १०००० पटके ५०० | जिप वार्षिकः १०००० पटके ५०० | सवारी साधनहरुमा ल्याएर व्यापार व्यवसाय गरे वापतको कर | |
| | | ट्रकः वार्षिक १५००० पटके ७०० | ट्रकः वार्षिक १५००० पटके ७०० | | |
| १० | डिष्टिलरी उद्योग | ३०००० | ४०००० | | |
| ११ | पानी उद्योग | १०००० | १०००० | | |
| १२ | वाइन उद्योग | १०००० | १०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | जुस उद्योग | २००० | २००० | | |
| १४ | ब्लक उद्योग | ८००० | ८००० | | |
| १५ | **ग्यारेज/सर्भिस सेन्टर** | | | | |
| | क) मोटरसाइकल ग्यारेज | ४००० | ५००० | दुई पाङ्ग्रे | |
| | ख) बस, जीप, ट्रक आदि | १२००० | १४००० | चार पाङ्ग्रे | |
| १६ | शोरुम सेन्टर | १३००० | १०००० | दुई पाङ्ग्रे | |
| | | २६००० | १५००० | चार पाङ्ग्रे | |
| १७ | फर्निचर उद्योग र शोरुम | १२००० | १२००० | | |
| १८ | फेन्सिङ जाली/ग्रिल उद्योग | १२००० | १२००० | | |
| १९ | ग्रिल उद्योग | १०००० | १०००० | | |
| २० | कुटानी पिसानी मिलहरु | २००० | २००० | | |
| २१ | थ्रेसर | १००० | १००० | | |
| **व्यवसायिक पशु तथा कृषि फार्महरु** | | | | | |
| २२ | भेडा, च्याङ्ग्रा | ३००० | ३००० | प्रति गोठ | |
| २३ | याक, चौरी | ७००० | ७००० | प्रति गोठ | |
| २४ | स्याउ | ५००/- प्रति रोपनी | ५००/- प्रति रोपनी | एक रोपनी सम्मको खेतीमा कर नलाग्ने | |
| २५ | कृषि तथा पशुपंक्षी फर्म व्यवसाय | | १००० | व्यवसाय दर्ता भएको | |
| २६ | कुखुरा, बंगुर, माछा | २००० | २००० | प्रति फार्म | |
| २७ | डेरी उद्योग | २५०० | २५०० | | |
| २८ | **उन्नत गाई फर्महरु** | | | | |
| | सानो फार्म | १००० | १००० | २-५ वटा गाई | |
| | मझौला फर्म | २००० | २००० | ६-१० वटा गाई | |
| | ठूलो फर्म | ३००० | ३००० | ११ देखि माथिका गाई | |
| **सिनेमा डकुमेन्ट्री कर** | | | | | |
| २९ | स्वदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | ५००० | ५००० | पर्यटकीय क्षेत्र प्रयोग गरे वापत | |
| ३० | स्वदेशी चलचित्र | १५००० | १५००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | विदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | २०००० | २०००० | पर्यटकीय क्षेत्र प्रयोग गरे वापत | |
| ३२ | विदेशी चलचित्र | ४०००० | ४०००० | | |
| **पार्किङ शुल्क (रात्री विश्राम)** | | | | | |
| ३३ | ट्रक, बस, ट्याक्टर लोडर, डोजर | १५० | १५० | गाउँपालिकाको क्षेत्र भित्र पार्किङ गरे वापत | |
| ३४ | जीप, कार, भ्यान | १०० | १०० | | |
| ३५ | मोटर साइकल | २० | २० | | |
| **पार्किङ शुल्क (छोटो समयको लागिर दिवा)** | | | | | |
| ३६ | ट्रक, बस, ट्याक्टर लोडर, डोजर | २० | २० | गाउँपालिकाको क्षेत्र भित्र पार्किङ गरे वापत | |
| ३७ | जीप, कार, भ्यान | १० | १० | | |
| ३८ | मोटर साइकल | ५ | ५ | | |
| ३९ | गाडी रोकी खाना बनाउने खानेहरुको लागि सरसफाई शुल्क | बसः २०० जीपः १०० | बसः २०० जीपः १०० | | |
| **घर कर** | | | | | |
| ४० | सामान्य खालको आवाशीय घर | १०० | २०० | | |
| ४१ | पक्की घर | ७०० | ७०० | RCC घर | |
| ४२ | मालपोत शुल्क | ५० | ५० | न्युनतम रु ५० र १ रोपनी भन्दा माथि प्रति रोपनी रु ५० का दरले थप हुदै जाने | |
| ४३ | घर नक्सापास दस्तुर (आवाशीय) | ३ | ३ | प्रति स्क्वायर फिट | |
| ४४ | घर नक्सापास दस्तुर (व्यावसायिक दस्तुर) | ५ | ५ | प्रति स्क्वायर फिट | |
| ४५ | घर नक्सा अभिलेखिकरण | २ | २ | प्रति स्क्वायर फिट | |
| ४६ | पर्यटकीय सेवा शुल्क तथा साहसिक खेल | १००० | १००० | प्रति कार्यक्रम | |
| ४७ | घर वहाल कर | १०% | १०% | भाडा रकमको | |
| **निकासी कर** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | यार्सागुम्बा निकासी सिफारिस | १०००० | १०००० | प्रति के.जी. | |
| ४९ | अन्य जडिबुटी सिफारिस (अकरकरा लगायत) | २ | २ | प्रति के.जी. | |
| ५० | कवाडी निकासी कर | ० | २ | प्रति के.जी. | |
| ५१ | चरिचरण कर (अन्य कर) | ५ | ५ | प्रति गोटा भेडाबाख्रा | |
| | | ५० | ५० | प्रति गोटा याक | |
| **निजी विद्यालय सञ्चालन दस्तुर** | | | | | |
| ५२ | बाल विकास र पूर्व प्राथमिक | ५०० | ५०० | | |
| ५३ | आधारभूत तह | ५००० | ५००० | | |
| ५४ | माध्यमिक तह | १०००० | १०००० | | |
| ५५ | उच्च तह | १५००० | १५००० | | |
| **अन्य दस्तुर** | | | | | |
| ५६ | आय प्रमाणित | ०.१० प्रतिशत | ०.१० प्रतिशत | | |
| ५७ | सम्पत्ति मुल्याङ्कन | ०.०५ प्रतिशत | ०.०५ प्रतिशत | | |
| ५८ | निर्माण कम्पनी इजाजतपत्र दर्ता शुल्क | ५०००० | ५०००० | | |
| ५९ | निर्माण कम्पनी इजाजतपत्र नामसारी/ठाउँसारी शुल्क | १०००० | १०००० | | |
| ६० | निर्माण कम्पनी नवीकरण दस्तुर | ३००० | ३००० | | |
| ६१ | निर्माण कम्पनी नवीकरण थप दस्तुर | ५००० | ५००० | | |
| ६२ | सहकारी दर्ता | ५००० | ५००० | | |
| | **होम स्टे दर्ता शुल्क** | | | | |
| ६३ | निजी | १००० | १००० | | |
| ६४ | सामुदायिक | ५००० | ५००० | | |
| | **होम स्टे नवीकरण** | | | | |
| ६५ | निजी | १००० | १००० | | |
| ६६ | सामुदायिक | २००० | २००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७ | मालपोत कार्यालयलाई घरको मूल्याङ्कन सिफारिस | RCC: ५०० ढुङ्गा माटोको जोडाइः ३०० सामान्य घरः १०० | RCC: ५०० ढुङ्गा माटोको जोडाइः ३०० सामान्य घरः १०० | | |
| ६८ | व्यवसाय दर्ता/नवीकरण शुल्क | २०० | २०० | | |
| ६९ | सार्वजनिक जग्गामा मोबाइल टावर राखेवापतको शुल्क | ५००० (सरकारी) | ५००० (सरकारी) | प्रति टावर/प्रति महीना | |
| | | ८००० (निजी) | ८००० (निजी) | | |
| ७० | रेडियो र एफ.एम.स्टेशन संचालन कर | ५०० | ५०० | सामुदायिक | |
| | | १००० | १००० | निजी | |
| ७१ | ट्राभल कम्पनी | ५००० | ५००० | गा.पा.भित्र काउन्टर राखी व्यवसाय सञ्चालन गरे वापतको कर | |
| ७२ | यातायात कम्पनी | १०००० | १०००० | | |
| ७३ | एयरलाईन्स कम्पनी टिकट बिक्री काउन्टर | २५००० | २५००० | | |
| ७४ | विज्ञापन कर | ५० | ५० | प्रति वर्ग फिट | |
| **वित्तीय संस्थाको लागि वार्षिक कर** | | | | | |
| ७५ | कमर्सियल बैंक | १३००० | १३००० | वित्तीय संस्थाहरूको वार्षिक कर सम्वन्धमा नेपाल सरकारको नियमानुसार स्थानीय तहहरूलाई प्रदान गरिनुपर्ने लाभांसको प्रतिशत वा यसैसाथ उल्लेखित दरमा जुन बढी हुन्छ सोही बमोजिम कर लिने । | |
| ७६ | विकास बैंक | १०००० | १०००० | | |
| ७७ | फाइनान्स कम्पनी | ८००० | ८००० | | |
| ७८ | माइक्रो फाइनान्स | ३००० | ३००० | | |
| ७९ | वीमा कम्पनी | ७००० | ७००० | | |
| ८० | सवै प्रकारको विलम्ब दस्तुर | म्याद नाघेको रकमको १०% | म्याद नाघेको रकमको १०% | | |

अनुसूची २

# सिफारिस दस्तुर

आर्थिक बर्ष २०८०।८१ को लागि सिफारिस तथा अन्य दस्तुरको दरको अनुमान ।

(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ४ सँग सम्बन्धित)

| सि.नं. | सिफारिसको विवरण | आ.व.२०७९।८० को स्वीकृत दर | आ.व. २०८०।८१ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | निशुल्क | निशुल्क | |
| २ | अंगिकृत नागरिकता सिफारिस | १००० | १००० | |
| ३ | नागरिकताको प्रतिलिपी सिफारिस | ३०० | ३०० | |
| ४ | नागरिकताको संशोधन सिफारिस | ५०० | ५०० | |
| ५ | नाता प्रमाणित नेपाली | ३०० | ३०० | |
| ६ | नाता प्रमाणित अंग्रेजी | ५०० | ५०० | |
| ७ | विद्युत जडान सिफारिस | ३०० | ३०० | |
| ८ | विद्युत जडान थ्रिफेज | २५०० | २५०० | |
| ९ | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारस | ३०० | ३०० | |
| १० | जन्ममिति प्रमाणित नेपाली | २०० | २०० | |
| ११ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | २०० | २०० | |
| १२ | नामथर जन्ममिति संशोधन सिफारिस | २०० | २०० | |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५०० | ५०० | |
| १४ | फुकुवा सिफारिस | ५०० | ५०० | |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारस | २०० | २०० | |
| १६ | हकवाला /संरक्षक सिफारिस | २०० | २०० | |
| १७ | विवाहित/अविवाहित प्रमाणिकरण सिफारिस | ३०० | ३०० | |
| १८ | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | ३०० | ३०० | |
| १९ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | २०० | २०० | |
| २० | डिष्टिलरी उद्योग नयाँ दर्ता सिफारिस | ३०००० | ३०००० | |

| सि.नं. | सिफारिसको विवरण | आ.व.२०७९।८० को स्वीकृत दर | आ.व. २०८०।८१ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| २१ | डिष्टिलरी उद्योग नविकरण सिफारिस | १०००० | १०००० | |
| २२ | पानी उद्योग दर्ता सिफारिस | १०००० | १०००० | |
| २३ | पानी उद्योग नवीकरण सिफारिस | ५००० | ५००० | |
| २४ | वाइन उद्योग दर्ता सिफारिस शुल्क | १०००० | १०००० | |
| २५ | वाइन उद्योग नवीकरण सिफारिस शुल्क | ५००० | ५००० | |
| २६ | घरनक्सा नामसारी | ५०० | ५०० | |
| २७ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | १५०० | १५०० | |
| २८ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ५०० | ५०० | |
| २९ | निजी क्षेत्रमा रुख कटान सिफारिस | १००० | १००० | |
| ३० | न्यायिक समितिमा निवेदन दर्ता दस्तुर | १०० | १०० | |
| ३१ | मिलापत्र दस्तुर (प्रत्येक पक्षबाट) | ५०० | ५०० | |
| ३२ | नावालक परिचयपत्र सिफारिस | २०० | २०० | |
| ३३ | व्यक्तिगत घटना दर्ताको बिलम्ब शुल्क | २०० | २०० | |
| ३४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर | ५०० | ५०० | |
| ३५ | व्यक्तिगत घटना दर्ता नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | २०० | २०० | |
| ३६ | कन्सुलर प्रमाणिकरण | ५०० | ५०० | |
| ३७ | दलित, जनजाति, आदिवासी सिफारिस | १०० | १०० | |
| ३८ | कर क्लियर सिफारिसः नेपाली | ३०० | ३०० | |
| ३९ | पारिवारिक विवरण सिफारिस | ३०० | ३०० | |
| ४० | पशु सम्बन्धी र सुकुटी सिफारिस समेत (प्रति के.जी.) | २० | २० | |
| ४१ | खानेपानी जडान सम्बन्धी सिफारिस | १०० | १०० | |
| ४२ | जलश्रोत उपयोग उपभोक्ता समिति दर्ता दस्तुर | २००० | २००० | |
| ४३ | जलश्रोत उपयोग उपभोक्ता समिति नवीकरण दस्तुर | १००० | १००० | |
| ४४ | जलश्रोत उपयोग उपभोक्ता समिति नवीकरण बिलम्ब शुल्क (बार्षिक) | ५०० | ५०० | |
| ४५ | कृषि तथा पशु फर्म दर्ता शुल्क | ५०० | ५०० | |

| सि.नं. | सिफारिसको विवरण | आ.व.२०७९।८० को स्वीकृत दर | आ.व. २०८०।८१ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| ४६ | कृषि तथा पशु फर्म नवीकरण शुल्क | २०० | २०० | |
| ४७ | **उद्योग दर्ताको लागि सिफारिस** | | | |
| | क. साना | ५०० | ५०० | |
| | ख. मझौला | २००० | २००० | |
| | ग. ठूला | ५००० | ५००० | |
| ४८ | **निजी विद्यालय कक्षा थप अनुमतिको दस्तुर** | | | |
| | क. वाल विकास केन्द्र सञ्चालन | ५००० | ५००० | |
| | ख. आधारभुत विद्यालय | ७००० | ७००० | |
| | ग. मा.वि. | १०००० | १०००० | |
| ४९ | **निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | | | |
| | क. वाल विकास केन्द्र सञ्चालन | १००० | १००० | |
| | ख. आधारभुत विद्यालय | १२०० | १२०० | |
| | ग. मा.वि. | १५०० | १५०० | |
| | घ. स्नातक र स्नातकोत्तर | २००० | २००० | |
| ५० | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी दस्तुर** | | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | ५०० | ५०० | |
| | ख. आधारभुत विद्यालय | ७०० | ७०० | |
| | ग. मा.वि. | १००० | १००० | |
| ५१ | **सामुदायिक विद्यालयमाा कक्षा थप सम्बन्धी सिफारिस दस्तुर** | | | |
| | क. स्नातक र स्नातकोत्तर | १२०० | १२०० | |
| ५२ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ५०० | ५०० | |
| ५३ | चार किल्ला प्रमाणित | ३०० | ३०० | |
| ५४ | घरबाटो सिफारिस | ३०० | ३०० | |
| ५५ | संस्था दर्ता सिफारिस र नविकरण | ५०० | ५०० | |
| ५६ | नक्शा प्रमाणित | ५०० | ५०० | |
| ५७ | व्यवसाय दर्ता सिफारिस | ५०० | ५०० | |
| ५८ | शिक्षक सरुवा अनुमति सिफारिस (गा.पा.बाहिरबाट आउँदा, जादा) | १००० | १००० | |
| ५९ | शिक्षक / विद्यालय कर्मचारी नियुक्ति समर्थन | 0 | ५०० | |
| ६० | शैक्षिक प्रमाणपत्र दस्तुर (कक्षा ८) | २५० | २५० | |

| सि.नं. | सिफारिसको विवरण | आ.व.२०७९।८० को स्वीकृत दर | आ.व. २०८०।८१ को स्वीकृत दर | कैफियत |
|---|---|---|---|---|
| ६१ | शैक्षिक प्रमाणपत्र दस्तुर प्रतिलिपी | ५०० | ५०० | |
| ६२ | मुचुल्का प्रमाणित | २०० | २०० | |
| ६३ | उपभोक्ता समितिहरुलाई विभिन्न प्रयोजनको लागि दिइने सिफारिस | ३०० | ३०० | |
| ६४ | **पशुपन्छी उपचार सेवा शुल्क** | | | |
| | क. बाखा, बंगुर, कुखुरा | निशुल्क | निशुल्क | |
| | ख. गाई, भैसी, झोपा, याक | निशुल्क | निशुल्क | |
| | ग. घोडा, खच्चर | निशुल्क | निशुल्क | |
| | घ. कुकुर, विरालो | निशुल्क | निशुल्क | |
| ६५ | माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | ३०० | ३०० | |
| ६६ | परम्परागत उपचारको सूचीकरण | १००० | १००० | |
| ६७ | परम्परागत उपचारको सूचीकरण नविकरण | ५०० | ५०० | |
| ६८ | सामाजिक सुरक्षा भत्ताको लागि बैंक खाता खोल्ने सिफारिस | निशुल्क | निशुल्क | |
| ६९ | अपाङ्गता परिचय पत्र सम्बन्धी सिफारिस | निशुल्क | निशुल्क | |
| ७० | पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रमको सेवा लिने सम्बन्धी अस्थायी बसोबास सिफारिस | निशुल्क | निशुल्क | |
| ७१ | विपन्न बिरामीको लागि दिईने सिफारिस | निशुल्क | निशुल्क | |

अनुसूची ३

# आन्तरिक आयको अनुमान

**आ.व.०७८।०७९ को यथार्थ आय, आ.व. ०७९।०८० को अनुमानित र संशोधित आय एवंम् आगामी आ.ब. २०८०।८१ को आन्तरिक श्रोत अनुमान**

| राजश्व संकेत नं. | राजश्व शीर्षक | आ.व.७८।७९ को यथार्थ आय | चालु आ.व.७९।८० को अनुमान | चालु आ.व.७९।८० को संशोधित | २०८० साल जेष्ठ ३१ गते सम्मको राजश्व संकलन विवरण | अगामी आ.व. ८०।८१ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | | | | | | |
| ११३१४ | भूमिकर/मालपोत | ५८६९७१.६० | २५००००.०० | | २०३७३०.०० | २५००००.०० | |
| ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | | १००००००.०० | | ०.०० | १००००००.०० | |
| ११३२१ | घर वहाल कर | २१६१९०१.५३ | १५०००००.०० | | ११८६५९८.९३ | १८०००००.०० | |
| ११३२२ | वहाल बिटौरी कर | | ०.०० | | ०.०० | ०.०० | |
| ११४७९ | सिनेमा डकुमेन्ट्री कर | ५०००.०० | ३५०००.०० | | ५५०००.०० | ५००००.०० | |
| ११६३१ | कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने | ४६७३७५.०० | ५०००००.०० | | ५९९००.०० | ५०००००.०० | |
| ११६९१ | अन्य कर | | ७०००.०० | | ०.०० | ७०००.०० | |
| १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | १७३१४७०.०० | २००००००.०० | | १२०२७६८.५० | २००००००.०० | |
| १४२१२ | सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम | | ५०००.०० | | ०.०० | ५०००.०० | |
| १४२१३ | अन्य विक्रीबाट प्राप्त रकम | १५००.०० | ०.०० | | ०.०० | ०.०० | |
| १४२२४ | परिक्षा शुल्क | ८०००.०० | ५०००.०० | | १०६००.०० | ५०००.०० | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४२१५६०.०० | २५००००.०० | | ११५०००.०० | २५००००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४२४१ | पार्किङ शुल्क | ४०२५०.०० | १०००००.०० | | ०.०० | १०००००.०० | |
| १४२४२ | नक्सापास दस्तुर | ४१८७०.७५ | ३०००००.०० | | ११६२५४.६२ | २०००००.०० | |
| १४२४३ | सिफारिस दस्तुर | ४१४८००.०० | ५०००००.०० | | ३६९६००.०० | ५०००००.०० | |
| १४२४४ | व्यक्तिगत घटना दस्तुर | ३३१००.०० | ३००००.०० | | ३३१००.०० | ३५०००.०० | |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३८७००.०० | ३५०००.०० | | ३९३००.०० | ४००००.०० | |
| १४२४९ | अन्य दस्तुर | ८२५२४.०७ | १०००००.०० | | १८३३३३.४४ | २०००००.०० | |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २००.०० | २५०००.०० | | ६००.०० | २५०००.०० | |
| १४३१२ | प्रशासनिक दन्ड जरिवाना र जफत | | ३०००.०० | | २०००.०० | ३०००.०० | |
| १४६११ | व्यवसाय कर | १९३०९६०.०० | १७०००००.०० | | ३४०८५०.०० | १८०००००.०० | |
| १५१११ | बेरुजु | ५७४५३०.०० | २५०००.०० | | ९३५८७.०० | २५०००.०० | |
| ३३३४२ | मनोरञ्जन कर | | ०.०० | | ०.०० | ०.०० | |
| ३३३४३ | विज्ञापन कर | | ५०००.०० | | ०.०० | ५०००.०० | |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ५००००.०० | | ३००००.०० | ६००००.०० | |
| ३३३९१ | अन्य बाँडफाँड हुने राजश्व संकलन | ४३२०५८.५० | ०.०० | | | ०.०० | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने कर | १४९५०५.०० | १२००००.०० | | ८८०५.०० | १५००००.०० | |
| | **कुल जम्मा** | **९१२२२७६.४५** | **८५४५०००.००** | | **४०५१०२७.४९** | **९०१००००.००** | |

प्रमाणिकरण गर्ने :

गाउँपालिका अध्यक्ष श्री मोहन सिंह लालचन

मिति : २०८०।३।७

घरपझोङ गाउँपालिका

# विनियोजन ऐन, २०८०

घरपझोङ गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भएको

मिति: २०८०।३।७ गते

**घरपझोङ गाउँपालिका**

मुस्ताङ जिल्ला

गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना:**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, घरपझोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "घरपझोङ गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन सम्वत् २०८० साल श्रावण १ गतेबाट लागू हुनेछ ।

**२.आर्थिक वर्ष २०८०।८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**

(१) आर्थिक वर्ष २०८०।८१ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. २९,९६,५९,७००/- (अक्षरुपी उन्नतीस करोड, छ्यानब्बे लाख, उन्नसाठी हजार सातसय रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजन**

(१) यस ऐन द्वारा स्थानीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।८१ को निमित्त घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तरण गर्न सक्नेछ । यसरी रकमान्तरण गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तरण तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तरण र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तरण गर्न सकिने

छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम रकमान्तरण गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तरण गर्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४. विशेष व्यवस्था:**

(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस गाउँपालिका क्षेत्रभित्र हुनसक्ने महामारीको संक्रमणको न्यूनीकरण, राहत तथा उद्धार, आइसोलेसन व्यवस्थापन समेतका साथै सोही प्रकृतिका सम्भावित खर्चहरुमा विनियोजित बजेटले अपुग हुने अवस्था सिर्जना भएमा जनताको जीउज्यानको रक्षाको लागि कार्यपालिकाको निर्णयबाट अन्य कुनै पनि शीर्षकहरुबाट प्रकोप व्यवस्थापन कोषमा रकम रकमान्तर गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था गरिएतापनि संघीय तथा प्रदेश सरकार र यस गाउँपालिकाको आन्तरिक श्रोत प्रक्षेपित अनुमान बमोजिम प्राप्त हुन नसकी आगामी आर्थिक वर्षका लागि छानिएका योजना तथा कार्यक्रमहरु सबै कार्यान्वयन गर्न नसकिएमा यस ऐन विपरित भएको मानिने छैन ।

## अनुसूची – १

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम** रु.

<table>
<tr><th>क्र.सं</th><th>अनुदान संख्या</th><th>शीर्षकको नाम</th><th>चालू खर्च</th><th>पूँजीगत खर्च</th><th>वित्तीय व्यवस्था</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>२</td><td>३</td><td>४</td><td>५</td><td>६</td><td>७</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">२</td><td>गाउँ कार्यपालिकाको कार्यालय</td><td rowspan="3" colspan="2">२९,९६,५९,७००/-</td><td rowspan="3">-</td><td rowspan="3">२९,९६,५९,७००/-</td></tr>
<tr><td>वडा कार्यालय</td></tr>
<tr><td>विषयगत शाखा</td></tr>
</table>

प्रमाणिकरण गर्ने
श्री मोहन सिंह लालचन
**गाउँपालिका अध्यक्ष**

# वार्षिक विषयगत योजना तथा कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | प्रस्तावित अनुमानित बजेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | **आर्थिक विकास** | | | | | |
| १ | **पशुपन्छी विकास शाखा अन्तर्गतका योजना तथा कार्यक्रम** | | | | | |
| | मिनिरल मिक्चर खरिद वितरण | पटक | १ | | १००००० | |
| | औषधी खरिद वितरण | पटक | १ | | ३००००० | |
| | आन्तरिक तथा बाह्यपरजीवी नियन्त्रण | पटक | १ | | १५०००० | |
| | कार्यक्रम ढुवानी खर्च | आ.अ | आ.अ | | ५०००० | |
| | **जम्मा** | | | | **६०००००** | |
| २ | **लघु उद्यम शाखा अन्तर्गतका योजना तथा कार्यक्रम** | | | | | |
| | स्याउका परिकार बनाउने उद्यमीहरुलाई क्याण्डी,माडा सुकाउने सोलार ड्रायर वितरण, (गापा ८०% र लाभग्राहीबाट २०% साझेदारी) | | | स्याङ, जोमसोम | १००००० | |
| | **जम्मा** | | | | **१०००००** | |
| ३ | **कृषि विकास शाखा अन्तर्गतका योजना तथा कार्यक्रम** | | | | | |
| | स्याउको कार्टुन ५ केजीको ७५ % अनुदान | | | | ४५०००० | |
| | मार्फा चौडा पाते रायो सागको बिउँ वितरण (निशुल्क) | | | | २३१७५ | |
| | ATSO(खनिज तेल) ५० % अनुदान | | | | १०००००० | |
| | Refractometer खरिद | | | | ३०००० | |
| | कृषि तथा फलफूल महोत्सव | | | | ५००००० | |
| | **जम्मा** | | | | **२००३१७५** | |
| ४ | **सहकारी तथा गरिबी निवारण** | | | | | |
| | सहकारी संस्थाहरुलाई COPOMIS प्रणाली सञ्चालन गर्ने तालिम कार्यक्रम | | | | ५०००० | |

| क्र.सं. | कार्यक्रम/योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | प्रस्तावित अनुमानित बजेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | सहकारी संस्थाहरुको बैठक | | | | ३०००० | |
| | सहकारी अनुगमन | | | | ३०००० | |
| | | | | **जम्मा** | **११००००** | |
| | | | | **जम्मा (१+२+३+४)** | **२८१३१७५** | |
| ५ | छैरों सिचाई कुलो निर्माण (क्रमागत) | | | छैरों | ७००००० | |
| ६ | प्राङगारिक मल अनुदान कार्यक्रम | | | मार्फा | ६००००० | |
| ७ | स्याङ खेतको वरिपरी तार जाली लगाउने (क्रमागत) | | | स्याङ | १०६०५०० | |
| ८ | जोमसोम खेतबारी भित्र सिंचाइ कुलो स्तरोन्नती | | | जोमसोम | ७००००० | |
| ९ | थकाली म्युजियमलाई संचालन गर्ने योजना, ठिनी | | | ठिनी | ४००००० | |
| १० | सल्ला रूखबाट कृषि सडकको अधुरो काम सम्पन्न गर्ने योजना, ठिनी | | | ठिनी | ३००००० | |
| ११ | स्कुलको कोठामा जस्ता छाउने योजना, ढुम्बा | | | ढुम्बा | ४००००० | |
| | | | | **जम्मा** | **४१६०५००** | |
| | | | | **कुल जम्मा** | **६९७३६७५** | |

| क्र.सं. | योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | प्रस्तावित अनुमानित बजेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| पूर्वाधार विकास | | | | | | |
| १ | चिमाङ महिला समूहको भवन निर्माण | | | चिमाङ | १३७३६७५ | |
| २ | कोटघरदेखि दलितबस्ती हुदै वृक्षरोपणसम्म जाने बाटो मर्मत योजना, मार्फा | | | मार्फा | ७००००० | |
| ३ | जनवाल मा.वि.देखि भानी प्रसाद घरसम्मको कुलोमा सल्याव तथा कुलो मर्मत | | | मार्फा | ७००००० | |
| ४ | पुथाङ एयरपोर्ट क्षेत्रमा भूमीगत विद्युतलाईन व्यवस्थापन (क्रमागत) | | | एयरपोर्ट | १३००००० | |
| ५ | जोमसोम महिला समूह भवन निर्माण योजना | | | जोमसोम | १४००००० | |
| ६ | ORC (गाउँ समाज भवन निर्माण) , ढुम्बा | | | ढुम्बा | ५००००० | |
| ७ | छपनी बिछ्याउने (क्रमागत), ठिनी | | | ठिनी | ४००००० | |
| ८ | महिला उद्यमीहरुको लागि झिलिङ्गा, माडा, क्याण्डी, सुकाउने हर्ट रूम निर्माण, ठिनी | | | ठिनी | ५००००० | |
| ९ | कोठ घर व्यवस्थापन | | | ठिनी | १००००० | |
| **जम्मा** | | | | | ६९७३६७५ | |

| क्र.सं. | योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | प्रस्तावित अनुमानित बजेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| **सामाजिक विकास** | | | | | | |
| १ | **शिक्षा तथा खेलकुद शाखा** | | | | | |
| | विद्यालय पर्यटन क्लब कार्यक्रम | | | | २५०००० | |
| | परिक्षा व्यवस्थापन कक्षा ८ | | | | १००००० | |
| | उत्कृष्ट प्र.अ./शिक्षक पुरस्कार | | | | २०००० | |
| | प्र.अ. बैठक खर्च | | | | ५०००० | |
| | स्थानीय पाठ्यक्रम लेखन तथा छपाई कक्षा (४-५) | | | | ५०००० | |
| | सूचकमा आधारित रहेर विद्यालय अनुगमन तथा प्रतिवेदन (सामाजिक विकास समिति, कार्यपालिका, शिक्षा शाखा) | | | | ३०००० | |
| | पाठ्यपुस्तक अनुदान थप | | | | ३००००० | |
| | क्षमता विकास प्र.अ., विद्यालय व्यवस्थापन ,शिक्षक | | | | ५०००० | |
| | विद्यालय स्तरीय तथ्याङ्क व्यवस्थापन तालिम IEMIS | | | | ३०००० | |
| | **जम्मा** | | | | ८८०००० | |
| २ | **स्वास्थ्य शाखा** | | | | | |
| | पूर्ण संस्थागत सुत्केरी तथा सुनौला १००० दिन कार्यक्रम | | | | ४००००० | |
| | स्वास्थ्य बीमा कार्यक्रम (प्रिमीयम रकम भुक्तानी तथा सचेतना कार्यक्रम) | | | | ७००००० | |
| | पूर्ण खोप सुनिश्चितता कार्यक्रम | | | | ५०००० | |
| | घरदैलो कार्यक्रम अन्तर्गत गाउँघर क्लिनिक संचालन यातायात, अनुगमन तथा सामाग्री व्यवस्थापन | | | | ६०००० | |

| क्र.सं. | योजनाको नाम | इकाई | परिमाण | कार्यान्वयन स्थान | प्रस्तावित अनुमानित बजेट (रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका त्रैमासिक बैठक | | | | १२०००० | |
| | स्वास्थ्य संस्थाको लागि मेडिकल तथा अन्य सामाग्री खरिद (स्वास्थ्य संस्था सुदृढिकरण) | | | | ५००००० | |
| | स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम | | | | ७०००० | |
| | उपाध्यक्षसँग  महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकको लागि वृहत स्वास्थ्य शिविर कार्यक्रम (घरदैलो कार्यक्रम सहित) | | | | ४००००० | |
| | पारिवारीक स्वास्थ्य प्रोफाईल लगत संकलन अद्यावधिक | | | | २०००० | |
| | मार्फा स्वा.चौकीमा २४ घण्टे सेवा प्रवाह गर्न स्वास्थ्यकर्मी अतिरिक्त भत्ता | | | | ३०००० | |
| | राष्ट्रिय महिला सामुदायिक स्वा.स्वय.सेविकाका लागि पुस्तिका खरिद | | | | ३५००० | |
| | **जम्मा** | | | | २३८५००० | |
